जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक ६६ • २०८१ साल साउन ९ गते बुधबार (24 July, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

### नेपाल-भारतका विज्ञबीच सहमति

## सप्तकोशी उच्चबाँधको नाम फेरिने र उचाइ घटाइने

**टुडे समाचारदाता**

राजविराज । प्रस्तावित सप्तकोशी उच्च बाँधको नाम फेर्ने तयारी थालिएको छ । यसका साथै उच्च बाँधको उचाई घटाउने सहमतिसमेत नेपाल-भारत सरकारले गरेका छन् ।




उच्चबाँधको नाममा डीपीआर बनाउँदा स्थानीयको विरोधका कारण काम अगाडि बढाउन नसकेपछि नेपाल-भारत सरकारले आयोजनाको नाम नै फेर्न थालेका छन् ।

नेपाल-भारत ज्वाइन्ट टीम एक्सपर्ट (जेटीई) ले सप्तकोशी उच्च बाँधको नाम फेर्न सहमति गरे पनि दुई देशले औपचारिक निर्णय गरेको छैन । सो आयोजनाको डीपीआर निर्माणको लागत भारत सरकारले व्यहोर्ने छ । काम भने नेपाल-भारतका विज्ञहरूले गर्दै आएका छन् ।

उच्च बाँधबाट विद्युत्, सिँचाइ, जल परिवहन र डुबान नियन्त्रणको काम हुनेछ । आयोजनामार्फत धेरै काम हुने भएकाले सप्तकोशी उच्चबाँध बहुउद्देश्यीय आयोजना राख्न दुई देशका विज्ञ टोली सहमति भएको आयोजनाका नेपाल तर्फका निमित्त प्रमुख सहदेव थापाले जानकारी दिए ।

नागरिकमा त्रास र नकारात्मक प्रभाव परेका कारण काम गर्न नै समस्या भएको उनको दावी छ । प्रस्तावअनुसार सप्तकोशी बहुउद्देश्यीय परियोजनाको नाममा डीपिआर निर्माणको काम गरिने छ । यसका लागि नेपाल-भारत ज्वाइन्ट टिम एक्सपर्ट (जेटीई) ले प्रस्ताव पेस गरेको छ ।

सन् २००४ बाट डीपीआर निर्माणका लागि सप्तकोशी उच्च बाँध आयोजनाको कार्यालय स्थापना भएको छ । सप्तकोशी उच्च बाँधका लागि डीपीआर निर्माणको काम सन् २००४ अगस्टबाट संयुक्तरूपमा सुरू भएको थियो । २० वर्षसम्म स्थानीयको अवरोधका कारण डीपीआर निर्माणको काम अपेक्षाकृतरुपमा अगाडि बढ्न सकेको थिएन ।

सुरूमा डीपीआर निर्माणका लागि ३० करोड भारु लाग्ने अनुमान गरिएको थियो । समयमा काम सम्पन्न हुन नसकेपछि यसको संशोधित लागत १४९ करोड भारतीय रुपैयाँ पुग्ने अनुमान विज्ञहरुले गरेका छन् । अक्टुबर २०२३ को ११ देखि १२ गतेसम्म विराटनगरमा भएको नेपाल-भारत प्वाइन्ट टिम एक्सपर्ट (जेटीई) को बैठकले सो काम ३० महिना भित्रमा सक्ने सहमति गरेको छ ।

नेपाल-भारत देशका विज्ञहरूले उच्चबाँधको उचाइ घटाउनेसमेत निर्णय गरेका छन् । यसअघि २६९ मिटरको ड्याम बनाउने गरी अध्ययन भइरहेको थियो ।

ड्यामको उचाइ बढी भएका कारण यसबाट पर्ने प्रभावलाई मध्यनजर गर्दै उचाइ कम गरिएको नेपालतर्फका निमित्त प्रमुख थापाले बताए ।

निमित्त प्रमुख थापाले ड्यामको उचाइका कारण निर्माणाधीन सुनकोशी १, अपर अरुण, तमोरलगायतका आयोजनाको पावर हाउस भएको स्थान नै प्रभावित हुने देखिएपछि ड्यामको उचाइ घटाउने सहमति भएको बताए ।

सप्तकोशी उच्च बाँधको विस्तृत अध्ययन प्रतिवेदन (डीपीआर) निर्माणको काम ३० प्रतिशत सम्पन्न भएको जनाइएको छ ।










# अध्यागमन ऐन निर्माणमा सघाउने गृहमन्त्रीको प्रतिबद्धता




काठमाण्डु । गृहमन्त्री रमेश लेखकले अध्यागमनसम्बन्धी ऐन, कानुन निर्माणमा सहयोग गर्न प्रतिबद्ध रहेको बताउनुभएको छ ।

मंगलबार अध्यागमन विभागको निरीक्षणपछि गृहमन्त्री लेखकले एक महिनाभित्र ऐन, नियम, कार्यविधि र नियामाली गृह मन्त्रालयमा प्रस्तुत गर्न निर्देशन दिनुभएको हो । उहाँले दार्चुलाको तिङ्कर र मुस्ताङको कोरलामा अध्यागमन कार्यालय स्थापनाको प्रक्रियाअघि बढाउन पनि निर्देशन दिनुभयो ।

मानव बेचबिखनका गतिविधिमा अध्यागमनका कर्मचारी संलग्न भएका आरोप असत्य साबित हुनु भन्दै उहाँले यदि कुनै कर्मचारीलाई दोषी पाइएमा कडा कारबाही हुने चेतावनी दिनुभयो । अध्यागमन कार्यालयबाट मुलुकको आकृति प्रतिविम्बित हुने भएकाले सम्बद्ध कर्मचारीलाई सबै यात्रीसँग असल व्यवहार गर्न निर्देशन दिनुभएको गृहमन्त्रीको निजी सचिवालयले जनाएको छ ।

गृहसचिव एकनारायण अर्यालले पूर्ण क्षमतामा अध्यागमन कार्यालय सञ्चालन हुनुपर्नेमा जोड दिँदै सबै सरकारी निकायसँग समन्वय गरेर विभागले काम गर्नुपर्छ भन्नुभयो । पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र मातहतका कार्यालयसँग समन्वय र सहकार्य हुनुपर्नेमा उहाँको जोड थियो ।

विभागका महानिर्देशक कोशहरि निरौलाले परिवर्तित सन्दर्भमा अध्यागमन ऐन, २०४९, अध्यागमन नियमावली, २०५१ र अध्यागमन कार्यविधि, २०६५अनुसार कार्यसम्पादन चुनौतीपूर्ण भएको बताउनुभयो ।रासस

# निर्माण व्यवसायीको मागप्रति सरकार सकारात्मक छः उपप्रधानमन्त्री सिंह

काठमाण्डु । उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले निर्माण व्यवसायीले राखेका जायज मागप्रति सरकार सकारात्मक रहेको बताउनुभएको छ ।

मंगलबार मन्त्रालयमा नेपाल निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहसहितको टोलीले गरेको भेटमा उहाँले आफू निर्माण व्यवसायीका समस्याबारे जानकार रहेको र समाधानका लागि पहल गर्ने प्रतिबद्धता जनाउनुभयो । "विकास निर्माणमा व्यवसायीको भूमिकालाई मैले राम्रोसँग बुझेको छु, समस्या समाधनका लागि




मैले प्राथमिकताका साथ पहल गर्ने प्रतिबद्धता व्यक्त गर्दछु", उपप्रधानमन्त्री सिंहले भन्नुभयो ।

उपप्रधानमन्त्री सिंहलाई बधाई दिँदै निर्माण व्यवसायी महासङ्घका अध्यक्ष रवि सिंहले अहिले निर्माण व्यवसायीले भुक्तानी नपाएको बताउनुभयो ।

उहाँले सार्वजनिक खरिद ऐनमा गर्नुपर्ने संशोधनको विषयमा पनि उपप्रधानमन्त्री सिंहको ध्यानाकर्षण गराउँदै ज्ञापनपत्र समेत बुझाउनुभएको थियो ।"हामीले उपप्रधामन्त्रीज्यूसमक्ष आफ्ना माग राख्यौँ, हाम्रो समस्यामा उपप्रधानमन्त्रीज्यु सकारात्मक देखिनुभएको छ", उहाँले भन्नुभयो । सो अवसरमा महासङ्घले उपप्रधानमन्त्री सिंहलाई सफल कार्यकालका लागि शुभकामना समेत दिएको थियो ।रासस

# 'प्राकृतिक विपद्बाट प्रभावित सबै जिल्लामा राहतको प्रबन्ध भएको छ'

काठमाण्डु । गृहमन्त्री रमेश लेखकले सरकारले प्राकृतिक विपत्बाट प्रभावित सबै जिल्लामा आवश्यक राहतको प्रबन्ध मिलाइएको बताउनुभएको छ ।

प्रतिनिधिसभाको मंगलबारको बैठकमा उहाँले क्रियाशील रुपमा मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य गरिरहेको बताउनुभएको हो । उहाँले मनसुनबाट ७७ जिल्ला नै प्रभावित भएका उल्लेख गर्दै सबै जिल्लामा आवश्यक राहतको प्रबन्ध मिलाइएको बताउनुभयो ।

मनसुनजन्य विपद्बाट भएका क्षति र प्रतिकार्यमा मन्त्रालयले गरिरहेको कार्यबारे जानकारी दिँदै सरकारले आफ्नो स्रोत र साधन परिचालन गरी प्रतिकार्यलाई प्रभावकारी बनाइरहेको उहाँले बताउनुभयो । "मनसुनजन्य विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०८१, बमोजिम तीनवटै तहका संयन्त्र र गृह मन्त्रालयबाट विपद्का घटनामा तत्काल उद्धार, राहत एवं प्रतिकार्यका कार्यहरु भइरहेका छन्", गृहमन्त्री लेखकले भन्नुभयो, "विपद् व्यवस्थापनमा सबै सुरक्षा निकाय, विभिन्न मन्त्रालय तथा विभाग बीचको समन्वयमा केन्द्रीय 'कमाण्ड पोष्ट'ले काम गरिरहेको छ । "

एक सय ३० को मृत्यु, ४८ बेपत्ता

गृहमन्त्रीले गत जेठ २८ गतेदेखि हालसम्म मनसुनजन्य विपद्का घटनामा परी एक सय ३० जनाको मृत्यु भएको, एक सय ४४ जना घाइते र ४८ जना बेपत्ता भएका जानकारी दिनुभयो । यसैगरी,चार हजार घरपरिवार विस्थापित भएका, एक हजार ५९ परिवारलाई सुरक्षित आश्रयस्थलमा सारिएको पाँच सय ९४ पशुचौपाया मरेका तथा दुई सय ३१ घर र ८४ गोठमा क्षति पुगेको बताउनुभयो ।

वर्षाजन्य विपद्बाट ४३ वटा साना ठूला पुल बगेका, दुई वटा सरकारी भवन भत्किएको, खोज र उद्धारका लागि नेपाल प्रहरीबाट सात हजार एक सय ६९ जना र सशस्त्र प्रहरी बल नेपालबाट तीन हजार नौ सय ५६ जना परिचालन भएका उहाँले जानकारी दिनुभयो । गृहमन्त्रीका अनुसार नौ सय ८९ जनाकाने सकुशल उद्धार भएको छ ।

विपद्जन्य घटनामा ज्यान गुमाएका एक सय ३० जनामध्ये ४७ जनाका परिवारलाई राहत रकम उपलब्ध गराइएको छभने बाँकी परिवार राहत पाउने प्रक्रियामा छन् ।त्यसैगरी ४८ जना बेपत्ता छन् । सरकारले बेपत्ता भएकालाई १० दिनभित्र पत्ता नलागे मृतक सरह राहत उपलब्ध गराउने निर्णयअनुसार उनीहरुका परिवारलाई क्षतिपूर्ति प्रदान गर्ने प्रक्रिया प्रारम्भ भएको गृहमन्त्री लेखकले सदनलाई जानकारी दिनुभयो । दैवी विपत्तिमा घाइते भएका एक सय ४४ जनामध्ये पाँच जना उपचारत छन् ।

**सिमलताल पहिरोः बेपत्ता बस खोजिादै**

गृहमन्त्री लेखकले गत असार २८ गते चितवन जिल्लाको सिमलताल पहिरोमा परी बेपत्ता भएका दुई वटा बसका ६२ जना यात्रीमध्ये २४ जनाको शव फेला परेको जानकारी दिनुभयो ।रासस

# नवगठित सरकारलाई बधाईसँगै जनगुनासा सम्बोधनका लागि ध्यानाकर्षण



काठमाण्डु । प्रतिनिधिसभाको मंगलबारको बैठकको शून्य समयमा सांसदहरुले नवगठित केपी शर्मा ओली नेतृत्वको सरकारलाई बधाई दिँदै जनताका गुनासा सम्बोधनका लागि ध्यानाकर्षण गराउनुभएको छ । उहाँहरुले संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)लगायतको सहभागिता रहेको यस सरकारले मुलुकमा राजनीतिक स्थायित्वसँगै आर्थिक गतिविधिलाई चलायमान बनाउने विश्वास व्यक्त गर्नुभयो ।

सांसदहरुले मुलुक मनसुनजन्य विपद्को चपेटामा परेको, बाढीपहिरोबाट नागरिकको जीउधन नष्ट भएको, बाढीपहिरोमा फसेका नागरिकको खोज तथा उद्धारलाई थप प्रभावकारी बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद बीना लामाले उत्तरी धादिङमा बाढीपहिरोबाट स्थानीय जनजीवन कष्टकर भएकाले समयमै राहत उपलब्ध गराउन र प्रभावितलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सरकारसँग माग गर्नुभयो ।

सांसद बिनिताकुमारी सिंहले लागुपदार्थ सेवन गरी तीव्र गतिमा सवारी चलाउँदा हुलाकी राजमार्गमा दुर्घटना बढेकाले ट्राफिक जनचेतना अभिवृद्धि गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद विराजभक्त श्रेष्ठले विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय सहमति खोजिनुपर्नेमा जोड दिनुभयो । सांसद बीना जैसवालले पर्साको सिर्सिया खोलाको अवैध दोहन रोक्न माग गर्नुभयो । सांसद शक्तिबहादुर बस्नेतले बक्यौता विद्युत् महसुल जसरी भए पनि उठाउनुपर्नेमा जोड दिनुभयो । सांसद श्यामकुमार घिमिरेले सिन्धुलीको गङ्तीर क्षेत्रमा सिँचाइका आयोजना सञ्चालन गर्न माग गर्नुभयो ।

सांसद शान्ति विकले समाजसेवामा खटिइएका महिलाको चरित्र हत्या गर्नु दण्डनीय रहेको बताउनुभयो । सांसद शिशिर खनालले पर्यटनप्रवर्द्धनमा सरकारले ध्यान दिन नसकेको उल्लेख गर्दै अर्थतन्त्रको आधारशिलाका रुपमा रहेको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सरकारसँग माग गर्नुभयो । सांसद शेरबहादुर कुँवरले वैदेशिक रोजगारीलाई सुरक्षित र मर्यादित बनाइनुपर्नेमा जोड दिँदै युद्धग्रस्त मुलुकमा नेपाली श्रमिक पठाउनेबारेमा सोच्नुपर्ने धारणा राख्नुभयो । सांसद शोभा ज्ञवालीले बर्दिया जिल्ला अस्पतालमा चिकित्सक तथा कर्मचारीको अभाव भएकाले दरबन्दी अनुसारका जनशक्ति उपलब्ध गराउन सरकारसँग माग गर्नुभयो ।

सांसद सन्तोष चालिसेले मनसुनजन्य विपद्बाट धेरै नागरिकले ज्यान गुमाइरहेको अवस्थामा राजनीतिक दल सत्ता स्वार्थमा रुमलिनु बिडम्बना भएको बताउनुभयो ।

सांसद सन्तोष परियारले संविधानको भावना विपरीत समावेशिताको विषय ओझेलमा परेको उल्लेख गर्दै राज्यका सबै निकायमा समावेशिताको सिद्धान्तलाई परिपालना गर्न सभामुखबाट निर्देशनको माग गर्नुभयो ।

सांसद सपना राजभण्डारीले अवैधरुपमा पर्यटक भिसामा मानव तस्करी हुने गरेकामा सरकारको ध्यानाकर्षण गराउँदै मानव तस्करी रोक्न माग गर्नुभयो । सांसद सर्वेन्द्रनाथ शुक्लाले कोरोना समयमा बन्द भएको छोटी भन्सार कार्यालय तत्काल सञ्चालनमा ल्याउन माग गर्नुभयो । सांसद सरस्वती बजिमयले पारदर्शीता, जवाफेदहिता र कानुनी शासनलाई परिपालना गरेर सुशासन कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सीता मिजारले विपद्पश्चात राहत तथा पुनःस्थापनामा तीनै तहका सरकारको ध्यान जान जरुरी रहेको बताउनुभयो । सांसद सुमना श्रेष्ठले शिक्षा क्षेत्र सुधारका सम्बन्धमा गठित कार्यदलले तयार गरेका कतिपय प्रतिवेदन गोप्य राखिएकाले ती प्रतिवेदन सार्वजनिक गर्न माग गर्नुभयो । सांसद सुशीला थिङले मन्त्रिपरिषद्मा महिलाको उचित प्रतिनिधित्व नभएकामा रोष प्रकट गर्दै संविधानको भावनाअनुसार महिला प्रतिनिधित्व गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुशीला श्रीपाली ठकुरीले मुग्लिन-नारायणगढ सडक सुरक्षित बनाउन सरकारले ध्यान दिनुपर्नेमा जोड दिनुभयो । सांसद सुशीला श्रेष्ठले धरान उपमहानगरपालिकामा देखिएको पिउने पानीको समस्या दीर्घकालीनरुपमा समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सूर्यप्रसाद ढकालले वर्तमान सरकार जनताको माग र राष्ट्रको आवश्यकताका आधारमा गठन भएकाले सरकारले देश र जनताको पक्षमा काम गर्ने विश्वास व्यक्त गर्नुभयो । सांसद सूर्यमान दोङ तामाङले संसद्मा जनताका विषयमा छलफल नहुनु दुःखद् भएको उल्लेख गर्दै 'लोडसेडिङ'का समयमा 'डेडिकेटेड' र 'ट्रङ्क' लाइन लिएर महसुल नतिर्ने उद्योगीका बारेमा सदनमा बहस हुनुपर्ने बताउनुभयो ।

सांसद सोनु मुर्मूले सार्वजनिक शिक्षा र स्वास्थ्यको अवस्थामा सुधार गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद सञ्जयकुमार गौतमले वर्तमान सरकारले राष्ट्रिय सहमतिको वातावरण निर्माण गरेर मुलुकका समस्या समाधान गर्ने विश्वास व्यक्त गर्नुभयो । सांसद हर्कमाया विश्वकर्माले नवगठित सरकारले विगतका भ्रष्टाचारका मुद्दालाई टुङ्गोमा पु-याउने आशा व्यक्त गर्नुभयो ।

सांसद हरि ढकालले चितवनको सौराहलाई पर्यटकीय क्षेत्र घोषणा गरी व्यवसायीको समस्या समाधान गर्न माग गर्नुभयो ।

सांसद हितराज पाण्डेले रुग्ण उद्योग सञ्चालन तयारीको अवस्थाका बारेमा सम्बन्धित मन्त्रालयले सदनलाई यथार्थ जानकारी दिनुपर्ने माग गर्नुभयो । सांसद हेमराज राईले दुई तिहाई बढीको विश्वासको मत पाएको वर्तमान सरकारले मुलुकलाई आर्थिक समृद्धि र राजनीतिक स्थिरता दिने विश्वास व्यक्त गर्नुभयो ।

सांसद हृदयराम थानीले चौकुने गाउँपालिकामा रहेको मुक्तिश्री सिमेन्ट उद्योगले सञ्चालन अनुमति लिएर लामो समयम्म सञ्चालन नगरेकामा सो उद्योगको दर्ता खारेज गरेर अर्को उद्योग सञ्चालनको व्यवस्था मिलाउन माग गर्नुभयो ।

सांसद ज्ञानेन्द्रबहादुर कार्कीले नवगठित सरकारले अलपत्र परेका आयोजनालाई समयमै सम्पन्न गर्न ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।रासस


## भुमिसुधार तथा मालपोत कार्यालय गौर, रौतहट

## मोहियानी हकदाबी बारे ३५ दिने सूचना

तपसिलको जग्गाको मोहि सेख हभिव (वासविटी ३ न. वार्ड)को मोही लगत कटा गरी पाउँ भनि ज.ध. तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ । तपसिलका मोही वा हकवाला कोही भई मोही लगत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मितिले ३५ दिन भित्र प्रमाण साथ लिखित हकदावी गर्न आउनु होला वा रीतपूर्वक वारेस कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ ।

**तपसिल**

| ज.ध.को नाम | जिल्ला | गा.बि.स | वडा न | किता नं. | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|---|
| शेख मंजुर | रौतहट | बसविटी जंगडीया | २ | ७१/४८७ | ०-१-१० | शेख हभिब भन्ने हविब गाविस बसबिटी जिंगडीया वार्ड ३ |



## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| वृष | : पारिवाहिक सुख । |
| मिथुन | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मङ्गलबार जनकपुरधाममा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मधेस प्रदेशको २०८०-०८१ वार्षिक प्रगति समीक्षा गोष्ठीको प्रमुख आतिथ्य मधेस प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री जनार्दनसिंह क्षेत्रीलगायत सहभागीहरु। *तस्बिरः रासस*

# सवा ३४ करोडका अवैध सामान बरामद



वीरगञ्ज। यहाँस्थित सशस्त्र प्रहरी बल नेपाल नं १३ गणले गत आर्थिक वर्षमा रु ३४ करोड २७ लाख ७८ हजार तीन सय ३३ मूल्य बराबरका बिलबीजक नभएका र भन्सार छली गरेका सामान बरामद गरेको छ।

सशस्त्र प्रहरी बल नेपाल१३ नं गणका प्रमुख राधेश्याम धिमालले आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा नौ करोड रु ८९ लाख ३७ हजार तीन सय ८२ मूल्य पर्ने सामान तथा उपकरण बढी बरामद गरेको बताउनुभयो। "भन्सार छली गरेर भित्रिएका सामानलाई पक्राउ गरेर भन्सार कार्यालयलाई बुझाउँदै आइरहेका छौँ", उहाँले भन्नुभयो। "बिलबीजकअनुसार नभएका सामानसहितका मालवाहक सवारीसाधनलाई भने राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाउँदै आइरहेका छौँ।

सोही कार्यालयले आवश्यक अनुसन्धान गर्ने गर्छ", सशस्त्र प्रहरी बल पर्साले आव २०८०/८१ मा भन्सार छली गरेर भित्रिएका रु १४ करोड ८९ लाख ४८ हजार पाँच सय ५६ मूल्य बराबरकाअवैध समान वीरगञ्ज भन्सार कार्यालयलाई बुझाएको छ। सोही अवधिमा बिलबीजकअनुसार नभएका रु १९ करोड १६ लाख ९६ हजार नौ सय ७५ मूल्य पर्ने सामान बरामद गरेर राजस्व अनुसन्धान कार्यालय पथलैयामा बुझाएको जनाएको छ।

सशस्त्र प्रहरीले आव २०७९/८० भने रु २४ करोड ३८ लाख ४० हजार नौ सय ३१ मूल्य पर्ने अवैध सामान बरामद गरेको थियो।रासस

# विपद् व्यवस्थापनमा क्रियाशील नेपाली सेना



काठमाण्डु। नेपाली सेनाले विशिष्ट व्यक्ति एवं महत्त्वपूर्ण संरचना र प्रतिष्ठान गरी एक सय ५५ स्थानमा सेवा प्रवाह गर्दै आएको छ।

गत आर्थिक वर्षमा सेनाको बम डिस्पोजल टोलीले एक सय ५८ शङ्कास्पद वस्तु निष्क्रिय पारेको जनाएको छ सेनाले राष्ट्रिय एकताको प्रवर्द्धनका लागि सङ्घ, प्रदेश र स्थानीय तहमा सरोकारवाला निकायसँगको समन्वयमा सांस्कृतिक, धार्मिक, ऐतिहासिक महत्वका गढी र किल्लाको संरक्षण गर्दै आएको छ। राष्ट्रिय एकीकरणका बेला प्रयोग भएका ऐतिहासिक पदमार्गको पहिचान गरी तिनको सम्भार र संरक्षण पनि सेनाले गरिरहेको नेपाली सेनाका प्रवक्ता गौरवकुमार केसीले बताउनुभयो।

विपद् व्यवस्थापनमा पनि अग्रपङ्क्तिमा रहेर नेपाली सेनाले आफ्नो जिम्मेवारी निर्वाह गर्दै आएको उहाँले सुनाउनुभयो। सङ्घ र प्रदेशमा अभ्यास हातेमालो र देशका सबै जिल्लामा सरोकारवाला र सुरक्षा निकायको समन्वयमा प्रत्येक वर्ष 'अभ्यास मनसुन' सञ्चालन गरिरहेको छ। त्यस सिलसिलामा एक सय २५ सामुदायिक विपद् प्रतिकार्य तालिम र अभ्यासमार्फत एक वर्षमा तीन हजार तीन सय ९० जनालाई प्रशिक्षण दिएको उहाँले बताउनुभयो।

विपद् प्रतिकार्य योजनाअनुसार अत्याधुनिक स्रोत साधनसहित एक हजार एक सय २६ जनालाई विपद् व्यवस्थापनसम्बन्धी विशेष तालिमप्राप्त जनशक्ति मुलुकका २२ स्थानमा परिचालन भएका छन्। प्राकृतिक र मानव सिर्जित डढेलो, पहिरो, बाढी, डुबान र दुर्घटनाबाट हुनसक्ने जनधनको क्षति कम गर्न चार हजार चार सय ३८ जना परिचालन भएका छन्।

### एक सय ५४ सुत्केरीको उद्धार

नेपाली सेनाको हवाई साधनबाट भएका उडानमध्ये ८५ प्रतिशत उद्धारमा प्रयोग भएका छन् गत आर्थिक वर्षमा गैरसैनिक नागरिक उद्धार एक सय ५४ वटा भएका थिए। सेनाले राष्ट्रिय सुरक्षासँगै विपद् व्यवस्थापन, राष्ट्रिय विकास, आन्तरिक सुरक्षा, अन्तर्राष्ट्रिय शान्ति कार्य, वन तथा पर्यावरण सुरक्षा, ऐतिहासिक धरोहरको संरक्षण, राष्ट्रिय एकता प्रवर्द्धन र आपत्कालीन खोज तथा उद्धारमा आफूलाई समर्पित गर्दै आएको छ।

मुलुकको प्रमुख राष्ट्रिय सुरक्षा सङ्गठन नेपाली सेनाले नागरिकलाई प्रत्यक्ष सेवा प्रदान गर्ने सिलसिलामा निःशुल्क स्वास्थ्य शिविर, सचेतानामूलक कक्षा, रक्तदान, सर्पदंश उपचार र श्रमदान कार्यमा समेत सहयोग पुर्याइरहेको छ। सेनाले वन तथा वन्यजन्तु संरक्षणका लागि आठ हजार एक सय ३६ फौज राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षणको सुरक्षामा खटाएको छ। त्यसक्रममा हालसम्म एक सय १६ जनाले वीरगति प्राप्त गरेका छन्।

### १६ लाख वृक्षरोपण

सेनाले वन तथा पर्यवारण संरक्षण गर्ने क्रममा हालसम्म १६ लाख १८ हजार पाँच सय ७५ विरुवा रोपिसकेको छ। देशको महत्त्वपूर्ण प्राकृतिक सम्पदाका रूपमा रहेका हिमालको सौन्दर्य कायम राख्न सेनाले प्रत्येक वर्ष सफा हिमाल अभियान सञ्चालन गरी त्यस क्षेत्रबाट फोहर सङ्कलन गर्दै आएको छ। पछिल्ला वर्षमा सेनाले ऐतिहासिक तालतलैयाको संरक्षण र संवर्द्धनमा पनि नागरिकसँग हातेमालो गर्दै आएको छ।रासस

## लाइन काटिएका उद्योगमा बिजुली जोड्नुपर्नेमा जोड

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी(एमाले)का सांसद पदम गिरीले बिजुली नपाएर उद्योग बन्द हुने अवस्था अन्त्य हुनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको आकष्मिक समयमा उहाँले बिजुली नपाएर उद्योग बन्द भएका भन्दै प्रधानमन्त्रीको निर्देशनअनुसार तत्काल विद्युत् लाइन जोड्न आवश्यक भएको बताउनुभयो। "एकातिर मुलुकमा उत्पादित बिजुलीले बजार नपाउने र अर्कातर्फ विद्युत् नपाएर उद्यमीले उद्योग बन्द गर्नुपर्ने अवस्था छ। यो समस्या तत्काल समाधान गर्नुपर्छ," उहाँले भन्नुभयो।

त्यसअघि नेपाली कांग्रेसका सांसद राजेन्द्रकुमार केसीले आफ्नो छोराको शैक्षिक प्रमाणपत्रको समकक्षता कायम गर्न सांसद डा वीरेन्द्र महतोले घुस दिनुपरेको विषय गम्भीर भएकाले छानबिन गरी दोषीमाथि कडाभन्दा कडा कारबाही हुनुपर्ने माग गर्नुभएको थियो।

नेपाल कम्युनिष्ट पार्टी( माओवादी केन्द्र)का सांसद हितबहादुर तामाङले नुवाकोट जिल्लामा बाढीपहिरोका कारण भएको भौतिक क्षतिको विवरण प्रस्तुत गर्दै थप जोखिम नहोस् भन्नेतर्फ सरकार संवेदनशील हुनुपर्ने बताउनुभयो। राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद ज्ञानबहादुर शाहीले सनातन धर्मका विरुद्ध प्रचार गर्नेलाई कारबाहीको माग गर्नुभयो।नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद रणेन्द्र बरालीले दुई वटा बसको खोजीमा जुट्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले आरक्षणको विषयमा तनावग्रस्त बङ्गलादेशमा नेपालीको अवस्थाबारे परराष्ट्र मन्त्रालयले सदनलाई जानकारी गराउनुपर्ने माग गर्नुभयो। उहाँले जानकी आँखा अस्पतालमा केही समययता दुई समूहबीचको द्वन्द्वले नियमित सेवा सञ्चालन प्रभावित भएकामा चिन्ता व्यक्त गर्नुभयो।रासस

# जितेन्द्रको सपना त्रिशूलीमै बग्यो



बरहथवा। गत असार २८ गते बिहान भरतपुर महानगरपालिका-२८, नारायणगढ-मुग्लिन सडकको सिमलतालमा पहिरो खस्दा दुईवटा बसमा सवार ६५ बढी यात्रुले अकालमै ज्यान गुमाउनुपर्‍यो। नदीमा बससँगै धेरैको जीवनमा केही गर्ने सपना बिलायो भने उनीहरुका परिवारले सदस्य मात्रै गुमाएनन्, बाँच्ने आधार पनि सधैंको लागि अन्त्य भएको छ।

सर्लाहीको रामनगर गाउँपालिका-३, का जितेन्द्र रामको विदेशमा कमाएर परिवारको पेट पाल्ने सपना पनि सोही घटनामा विलीन भयो। परिवारका अनुसार जितेन्द्र गाउँकै अर्का (हाल बेपत्ता) साथी रामा दाससँगै वैदेशिक रोजगारको तयारीमा थिए। उनी म्यानपावर कम्पनीले विदेश जानुपूर्व गरिने स्वास्थ्य परीक्षण गर्न बोलाएपछि असार २४ गते मात्र काठमाडौँ पुगेका थिए। स्वास्थ्य परीक्षण गरी घर फर्कंदै गर्दा असार २८ गते झिसमिसेमा उनी सवार बस पहिरोमा परेर त्रिशूलीमा खसेको थियो।

जितेन्द्रले २७ गते साँझ ७ बजेतिर आफू घर आउँदै गरेको परिवारलाई जानकारी गराएका थिए। परिवारसँगको त्यही संवाद जितेन्द्रको अन्तिम संवाद बन्यो। करिब आठ वर्ष पहिला पनि उनी वैदेशिक रोजगारीका क्रममा तीन वर्ष मलेसिया बसेर फर्किएका हुन्। २८ वर्षका उनको श्रीमती दुई छोरी र एक छोरा छन्। आर्थिक सङ्कटबाट गुज्रिरहेको जितेन्द्रको परिवारमा यस घटनाले ठूलो बज्रपात गराएको छ। पाँच धुर घडेरीमा बनेको फुसको घरमा उनका बुबा, ठूलोबुबा र आफ्नो समेत गरी १७ जनाको परिवारले मुस्किलले ओत लागेको छ। भतिजोले विदेशबाट कमाएर परिवार पाल्छु भनेको ठूलो बुबा सरपलाल महरा सम्झन्छन्।

पीडित परिवार अझै उनीहरु फर्किने आशमा बसिरेका छन्। बेपत्तामध्ये बरहथवा नगरपालिका-३, माझी टोलाका १८ वर्षका रमित कुशवार माझी र जितेन्द्र रामको मात्र शव फेला परेको हो। रामनगर गाउँपालिका-३, का रामा दास र कविलासी नगरपालिका-८, का रवीन्द्र साहको अझै अत्तोपत्तो छैन्। यतिका दिन भइसक्दासमेत फेला नपरेका उनीहरु जीवित फेला पर्ने परिवारले आश मारिसकेका छन्।

बेपत्ता रामा दासको बुबा शुक्रबार मात्र मलेसियाबाट चितवन आएर छोराको लास भेटिने आशमा कुरिरहेका छन्। उनी १० वर्षदेखि मलेसियामा रोजगारीको सिलसिलामा हुनुहुन्थ्यो भने उनका दाजुसमेत वैदेशिक रोजगारीको लागि मलेसियामै छन्। गाउँघरमा ट्र्याक्टर जोत्ने लगाएको काम गर्ने रामा पनि पछिल्लो समय राम्रो कमाईको लागि भन्दै वैदेशिक रोजगारीको तयारीमा थिए। उनलाई मेनपावर कम्पनीले कागजात मिलाउन भन्दै काठमाडौँ बोलाएको आमा बताउनुभयो। घटनाको जानकारी पाए लगत्तैबाट मुर्छा पर्नुभएकी उहाँले मलीन अनुहारमा छोराको लासमात्र भए पनि खोजी दिन आग्रह गर्नुभयो। दैनिक ज्याला मजदुरी गरेर हातमुख जोर्दै आएको परिवार जितेन्द्रको मृत्युपछि थप सङ्कटमा परेको छ।

बरहथवा नगरपालिका-३, रमित कुश्वार माझीको परिवारमा पनि आँखा ओभानो छैन। परिवारका जेठा छोरा गुमाउनु पर्दा असह्य पीडा भएको बुबा रवीन्द्र कुश्वार माझीले बताउनुभयो। गाउँमा मेलापात गरेर बसिरहेका रमित गत तिहार पछिमात्र साथीको पछि लागेर काठमाडौँ गएका थिए। त्यसपछि पनि उनी धेरै पटक घर आउनेजाने गरेका थिए। त्यस दिन पनि गाउँमा आफन्त पर्नेको विवाहमा सरिक हुन भनेर रमित बस चढेका थिए।

सुरुमा सर्लाहीका लागि टिकट काटेका कविलासी नगरपालिका-८, निवासी २४ वर्षका रवीन्द्र साहलाई पनि काउन्टरवालाले रौतहटको बसमा चढाई दिएका थिए। रवीन्द्रका परिवार अझै बेहोसमै बरबराइरहेका छन्। परिवारका केही सदस्यले चितवनको अस्पताल कुरेको हप्तादिन बढी भइसक्यो। यता सास वा लासको अत्तोपत्तो नहुँदा परिवारमा थप पीडा भएको छ।

गत असार २८ गते झिसमिसेदेखि एकनासले सामाजिक सञ्जालमा पहिरोसँगै त्रिशूलीमा बस खसेको समाचार आइरह्यो। जितेन्द्रको परिवारको कानमा पनि उक्त घटनाको सूचना पर्‍यो। पहिले उनीहरु अन्योलमा परे। पछि सोधीखोजी गर्दा जितेन्द्र सवार बस पनि खसेको पुष्टि भयो। घरमा रुवावासी सुरु भयो। के गर्ने न कसो गर्ने अन्योलबीच जितेन्द्रका ठूलोबुबा सरपलाल महरा चितवन दुर्घटनास्थलतर्फ लागे। घटनाको दोस्रो दिन जितेन्द्रको शव त्रिशूलीमा फेला परेको खबर उनले पाए। लगत्तै उनीहरु लास राखेको भरतपुर अस्पताल पुगे। दुई दिनसम्म पानीले ढाडिएको लास चिन्न गाह्रो हुने अवस्था भइसकेको थियो।

जितेन्द्रको हुलियासँग मिल्दोजुल्दो हुलियाको रौतहटकै एक युवकको समेत 'रेकर्ड' भएपछि प्रहरीलाई समेत शव चिन्न गार्ह्रो भयो। त्यसपछि उताको समेत परिवारलाई प्रहरीले अस्पताल झिकायो। त्यसबेला जितेन्द्रका ठूलोबुबाले आफ्नो भतिजो र रामा दासले २७ गते राति बनाएको अन्तिम टिकटक भिडियो प्रमाणका रुपमा पेस गरे।

प्रहरीले समेत भिडियोमा भएको कपडा तथा जुत्ताबाट जितेन्द्रको शवको यकिन सनाखत गर्‍यो। प्रहरीले शव दिएपछि उनलाई अर्को आपत् आइलाग्यो। भतिजोको शव ल्याउन शववाहनले रु १७ हजार मागेपछि उनी छाँगोबाट खसेजस्तै भए। गोजीमा एक बोतल पानी किन्ने पैसा नभएका उनका लागि त्यति ठूलो रकम पहाड बनेर उभियो। शवसँगै बसेर रुँदै गुहार मागेको सरपलाल बताउनुहुन्छ। एक व्यक्तिले शववाहनलाई सर्लाहीसम्म आइपुग्नका लागि तेल हाल्न भनेर रु आठ हजार दिएपछि उनी रातारात भतिजोको शव लिएर सर्लाही पुगेका थिए। अब काजक्रिया कसरी गर्ने चिन्ताले परिवारलाई सताएको छ। रासस

# वैदेशिक व्यापार घाटा १४ खर्ब ४० अर्ब, डेढ खर्बको निर्यात




काठमाण्डु। गत आर्थिक वर्ष २०८०/८१ मा नेपालले कूल रु १७ खर्ब ४५ अर्ब ३६ करोड ६७ लाख बराबरको वैदेशिक व्यापार गर्दा रु १४ खर्ब ४० अर्ब ६० करोड ४२ लाख घाटा व्यहोरेको छ। भन्सार विभागले सार्वजनिक गरेको गत आवको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार कुल रु पन्ध्र खर्ब ९२ अर्ब ९८ करोड ५५ लाखको वस्तु आयात गर्दा रु एक खर्ब ५२ अर्ब ३८ करोड १२ लाखको मात्रै निर्यात गरेको देखिएको हो।

विभागको तथ्याङ्कअनुसार अघिल्लो आवको तुलनामा आयात, निर्यात र समग्र वैदेशिक व्यापार घटेको छ। अघिल्लो आव २०७९/८० मा नेपालले रु १६ खर्ब ११ अर्ब ७३ करोड १७ लाख बराबरको आयात र रु एक खर्ब ५७ अर्ब १४ करोड छ लाख बराबरको निर्यात गर्दा कूल वैदेशिक व्यापार रु १७ खर्ब ६८ अर्ब ८७ करोड २४ लाख पुगेको थियो।

अघिल्लो आवको वैदेशिक व्यापार घाटा रु १४ खर्ब ५४ अर्ब ५९ करोड ९१ लाख बराबर थियो। अघिल्लो आवको तुलनामा गत आवमा आयात एक दशमलव १६, निर्यात तीन दशमलव ०३, समग्र वैदेशिक व्यापार एक दशमलव ३३ र वैदेशिक व्यापार घाटा शून्य दशमलव ९६ प्रतिशतले घटेको हो। गत आवको आयात-निर्यात अनुपात १० दशमलव ४५ प्रतिशत बराबर छ। गत आवमा सबैभन्दा धेरै भारतसँग व्यापारघाटा देखिएको छ। भारतबाट रु नौ खर्ब ९६ अर्ब ६८ करोडको वस्तु आयात हुँदा रु एक खर्ब तीन अर्ब १७ करोड बराबर मात्रै निर्यात भएको छ। जसबाट भारतसँगको मात्र कूल व्यापार घाटा रु आठ खर्ब ९३ अर्ब ५० करोड बराबर छ।

नेपालको अर्को छिमेकीमुलुक चीनसँग रु दुई खर्ब ९६ अर्ब १८ करोड ६० लाख बराबर व्यापार घाटा छ। चीनबाट रु दुई खर्ब ९८ अर्ब ७७ करोड बराबरको वस्तु आयात हुँदा रु २५ अर्ब ८८ करोड बराबरको मात्रै निर्यात भएको हो। नेपालले बढी व्यापार घाटा व्यहोरेका मुलुकहरुमा संयुक्त अरब ईमिरेट्स तेस्रो, युक्रेन चौथो र मलेसिया पाँचौं स्थानमा छ।

व्यापार नाफाको अवस्था हेर्दा नेपालले डेनमार्कसँगको व्यापारमा सबैभन्दा बढी नाफा देखिएको छ। गत आवमा नेपालले डेनमार्कबाट रु ३५ करोड ४५ लाख बराबरको वस्तु आयात गर्दा रु ८२ करोड २१ लाख बराबरको निर्यात गरेको छ। जसबाट रु ४६ करोड ७५ लाख व्यापार नाफा देखिएको हो। बढी व्यापार नाफा देखिएका मुलुकमा अफगानिस्तान दोस्रो स्थानमा छ। गत आवमा नेपालले अफगानिस्तानबाट दुई करोड ७६ लाख बराबरको वस्तु आयात गर्दा रु ४९ करोड ३६ लाख बराबरको निर्यात गरेको छ। जसबाट अफगानिस्तानसँग रु ४६ करोड ६० लाख बराबरको व्यापार नाफा भएको छ।

गत आवमा सबैभन्दा धेरै पेट्रोलियम पदार्थको आयात भएको छ। विभागको तथ्याङ्कअनुसार गत आवमा रु एक खर्ब ४३ अर्ब ९७ करोड ६९ लाख बराबरको डिजेल, रु ६८ अर्ब १० करोड २० लाखको पेट्रोल र रु ५५ अर्ब ६१ करोड ८४ लाख बराबरको एलपी ग्याँस आयात भएको छ। रु ३९ अर्ब तीन करोड ४३ लाख बराबरको फलामजन्य वस्तु आयात भएको छ। स्मार्टफोनमात्र रु २८ अर्ब ६६ करोड ६२ लाख बराबरको आयात भएको छ।

त्यस्तै, रु २३ अर्ब ६५ करोड ३९ लाख बराबरको सुन आयात भएको छ। नेपालले बढी निर्यात गरेका वस्तुमा कार्पेट, अलैंची, फलाम तथा स्टिलजन्य, जुसलगायत वस्तु छन्। गत आवमा नेपालले सबैभन्दा धेरै रु १० अर्ब ५७ करोड २४ लाख बराबरको कार्पेट र रु सात अर्ब ९३ करोड ८१ लाख बराबरको अलैंची निर्यात गरेको छ।रासस

आयो करे यात्रा मंगलमय चारो धाम की

यहि मिति २०८१/४/१६ गते बुधवार ३१ तारिखका दिन २×२ लक्जरी भिडियो कोच बस खुल्ने जा रहि है।

विशेष यात्रा सेवा। शुल्तानगंज बाबाधाम बासुकिनाथबनारस, काशिविश्वनाथ, ज्योति लिङ्ग, प्रयागराज, संगम, चित्रकोट चारधाम बाबा बागेश्वरधाम, वृन्दावन, मथुरा, गोकुल, कुरुक्षेत्र, अर्मितशर स्वर्ण मन्दिर, जय माँ बैष्णो देवी, अमरनाथ, श्रीनगर, काशमिर ज्वलामुखि, नैना देवी, चिन्ता पुरनी काङ्गरा देवी, हरिद्वार, रिषीकेश, नैमीशारण, अयोध्या, गोरखपुर, गोरखनाथ दर्शन कराते हुऐ जनकपुरधाम वापस। बद्रीनाथ र केदारनाथ समेत।




टिकट दर १८,००० भारु दो सामका भोजन समेत लिखेगए सारे तिर्थ ग्यारेन्टीके साथ घुमाया जाएगा हर यात्री अपना नागरिकता अवस्य रखे।





प्रो. पोषण प्रसाद साह
जानकी चौक, जनकपुरधाम-१०
पल्टी माई मन्दिर सब्जी बजार
मो. ९८४४१३३१९५ (नेपाल)
मो. ९८४४०७३६०० (नेपाल)
मो. 8271086993 (भारत)



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

**सम्पादकीय**

## हत्याको मनोविज्ञान

मधेशका जिल्लाहरुमा हत्याका घटनाले निरन्तरता पाइराखेको छ । सप्तरीदेखि पर्सासम्म यो मनोविज्ञान प्याप्त छ। विवाद , द्वेष , कटुता , मनोकांक्षाको तीव्रता , बेरोजगारी , शत्रुवत व्यवहारले हत्याको मनोविज्ञानले कुनै पनि जिल्ला अछुतो रहन सकेको छैन। व्यवसायिक कारोबार , तस्करी , मानवदेखि विभिन्न सामग्रीको ओसारपसार , आपराधिक मानसिकता , लुटपाट , गरिबी , कुलतले पनि सामान्य विवादमा पनि हत्या गर्ने तथ्य फेला पर्ने गरेको छ । वैमनस्यता , प्रेममा बाधक मानसिकता , असफलता पनि हत्याजन्य मनोविज्ञानको कारक देखिएको छ। चोरी , डाँकाले समेत हत्याको रुप लिएको पाइएको छ । यी कारणले समाजको दशातर्फ सकेत गर्छ। हरेक व्यक्तिलाई समाजमा बस्ने अधिकार छ , जीवन अनमोल छ तर लोभ , वैमनस्य , असमझदारी , दम्भलगायतका मनोवृत्तिको आवेगमा व्यक्तिको हत्या नै गर्ने अपराधको निरन्तरताप्रति आमनागरिक सचेत हुनु जरुरी छ । व्यक्तिको जीवन छ भने समाधानका अनेक बाटो हुन्छन तर व्यक्तिको हत्या नै गरिदिने समाधान नभइ स्वयम दोषी ठहर हुने मार्ग हो । हत्यामा प्रयोग गरिने हतियार कसको अकर्मण्यताले बढिरहेको सबैले यसबारेमा सबै पक्षले सोच्नु आवश्यक छ । हतियार बरामदको तथ्यतर्फ विचार गर्दा साना तथा ठूला हतियार छ्यापछ्याप्ती देखिएको छ । मधेश प्रदेशको प्रहरीको तथ्यांकमा अहिले प्रदेशका अधिकांश जिल्लाबाट हतियार बरामद भइरहेको देखिन्छ । सिरहाबाहेक सातबटै जिल्लाबाट साना तथा ठूला हतियार फेला परेको छ। जेठसम्ममा मात्र सप्तरी , धनुषा महोत्तरी , सर्लाही , रौतहट, बारा र पर्साबाट सानो हतियार बरामद भएको प्रहरीको अभिलेख छ। त्यस्ते सप्तरी , धनुषा , महोत्तरी , रौतहट र बारा जिल्लाबाट ठूला हतियार बरामद भएको देखिन्छ । हतियारसँगै गोली पनि बरामदको संख्या न्यून छैन। सुरक्षाकर्मीले स्वयम् हतियार आउने क्रम बढेको स्वीकार गर्दै खुल्ला सीमा , पारिपट्टि सस्तोमा हतियार खरिद गर्न पाइने जस्ता कारक औल्याउने गर्छन । पारिपट्टि सस्तोमा खरिद गरी खुल्ला सीमानाकाको फाइदा उठाउँदै नेपाल ल्याउने गरिएको तथ्य फेला परेको छ। तथ्य अनुसार प्रदेशका जिल्लाहरुबाट बितेको आर्थिक वर्षको एघारह महिनामा साना र ठूला हतियार चौतीस थान बरामद गरिएको छ। त्यस्तै गत वर्ष साउनदेखि जेठसम्ममा साना छब्बीस र ठूला आठ बटा हतियार बरामदको अभिलेख छ। यस कारण पनि हत्याको क्रम नरोकिएको यथार्थलाई बुझ्नु पर्छ। जीवनलाई मूल्यहीन र असुरक्षित बनाउने अवस्था आतंक , त्रासलाई निम्त्याउने भएकाले सरकार गम्भीर हुनुपर्छ , नियन्त्रणको थालनी गर्नुपर्छ।

# गैरमधेशी सेन्टीमेन्ट!

# अबको प्रतीक्षा महाभारत युद्धको




### (संबिधान संशोधन तथा मधेशी अकिार विशेष)

### बिचरा पाण्डवहरुको गुप्तवनवास् कहिलेसम्म?



डा.उदयकुमार यादव

जब सम्म वर्तमान निर्वाचन आयोगद्धारा, पूर्ण समानुपातिक निर्वचन प्रणालीअनिवार्य रुपमा अपनाईदैनन् तब सम्म जन संख्याको अधारमा संसदमा मधेशी नेताहरुका प्रतिनिधित्व माथिल्ला सदनमा पनि हुंदैनन् र मधेशमाथिको बक्र दृष्टि सदाको लागि अन्त्य पनि हुंदैन। यसकालागि संबिधानमा पनि संसोधन गरी निर्वाचण प्रणलीलाई परिमार्जन गर्दै जब सम्म निष्पक्ष बनाईदैनन् तब सम्म संघीयताको सहि सदुपयोग समतामुलक समाजको निर्माण चांहि हुंनेछैन। समानुपातिक समावेशी कायम गरी आमुल परिर्वन हुनुपर्छ, अन्यथामधेशका तथा मधेशीका विरुद्धमाचीन(चाइना)ले पनि बीचबीचमा सकुनीको चाल चलिरहन्छ यद्यपि भारत चांहि भिष्म पितामह झै विवस भएर मधेश र मधेशीका लागि टुलुटुलु हेरी बसेकोले कति दिन सम्म थिचिएको मधेश तथा विवस मधेशी माथिसिंगो नेपाल देशकै निरिहदृष्टि बाध्यतावस निर्ममतथा लचार नै भइ रहनेछ त?कति दिन सम्म ? वर्तमान संघीय तथा केन्द्रीय साशन प्रणालीले पनि विद्यमान यसकिसिमका संवेदनशील समस्या प्रति खासै चासो नदेखाएको छ।

विगतका प्रधानमन्त्री पनि तराई मधेश मुलुकनकावासी हुंदाहुंदै गैरमधेशीकै पक्षमा कहिलेकांहि कर्णको भूमिका पनि निर्वाह गरेको देख्दा दुःख लाग्नु स्वभाविकै हो । मधेशी जनता नेपाली हो कि होइन ? भन्ने सबाल उठ्नु स्वभाविक हो नि ? यदि हो भने गैर मधेशी तत्वबाट प्रत्यक्ष् तथा अप्रत्यक्ष रुपमा दोस्रो दर्जाको नागरिक सरह किन व्यवहार गरिएको हो अझै सम्म ? यदि महाभारतकै कर्ण जस्तो माओवादी नेता तथा भूपुप्रधानमन्त्री दाहालको नियतमा मधेश र मधेशीप्रति सकारात्मक बदलाव आएनन् भने अबको आरपारको महाभारत युद्धमा यिनका कुण्डल कवच सदाको लागि जफत हुन कुनै बेर चांहि लाग्ने छैनन् । किनकी समय भन्दा ठुलो बलवान केहि र कोहि छैन दुनियांमा, समय नै यस्तो शिक्षक हो जसले उपयुक्त समयमा उपयुक्त पाठ सिकाउने छ जसको प्रतिक्षा हामी संपूर्ण पिडित आदिवासी, जनजाति, मुस्लिम र थारु समेतलाई रहेको छ, जो पहाडमा भए पनि मधेशी झैं थिचिएका छन् ।।

नेनसन मण्डेलाले जसरी साउथ अफ्रीका साशकहरुमाथि कालाहरुका अधिकारको लागि महा बिद्रोह गरी त्यांहाका रंग भेदलाई मिटाएर गोराहरुको सोषणबाट कालाहरु (न्याटीभ अफ्रिकन)लाई मूक्ति दिलाउन सफल भए। अबको मधेश र मधेशी विभिन्न दलमा विभाजन नभइ एकठांउमा एकत्रित भएर एउटा विशाल पार्टी जस्तो विगतमा मद्येशी जन अधिकार फोरम खोलेर सानै भए पनि तत्कालिन समयमा नै आफनो राजनैतिक संगठन मजबुत गरेर केहि हद सम्म विभिन्न आयोग तथा संघीयता मार्फत् पहिचान दिलाउन सफल त भए, तर यसको वावजुद पनि मौजुदा संविधानद्धारा प्राप्त अधिकार व्यावहरिक रुपमा तथा बराबरीको हकमा कार्यान्वयन हुन सकेका छैनन् ।

संख्याकोदृष्टिकोणले चांहि नेपालको कुल जनसंख्याको आधा मधेश र मधेशी रहेको छ तर अधिकार कार्यान्वयन चांहि असी प्रतिसत एन्टी मधेश तथा गैर मधेशीसेन्टीमेन्टले भैराखेको छ । हरेक क्षेत्रमा मधेश तथा मधेशी सेन्टीमेन्ट जति पनि प्रतिभावान भए पनि कुण्ठित् हुनु परेको छ । उदाहरणकालागि ज्वलन्त प्रसंग आफूले भोगि राखेको तीतो अनुभव के रहेछ भने, राज्यको चौथा अंग मानिने मेडिया क्षेत्रमा पनि अस्सी प्रतिसत एन्टी मधेश तथा गैर मधेशी सेन्टीमेन्टले नै अस्तीत्व वा अधिपत्व जमाई राखेको देखिएको छ । मानौ देश भरिका टपटेन सरकारी तथा गैर सरकारी पत्रपत्रिका भित्रका अदरणीय सम्पादक महोदयहरु चांहि तिनीहरु नै हुन जो मधेशको प्रोफाइललाई प्राथमिकतामा राख्ने गर्दैनन् । यदि मधेशी लेखकले पनि मधेश बाहेकका प्रोफइलमाथि कलम चलाएमा त्यांहा पनि एन्टी मधेश र गैर मधेशी लेखकलाई प्रथमिकता दिने गरेकोछ । यो भेदभाव किन र कहिले सम्म ?मानवताको कर्तव्य अथवा मानव अधिकार भनेको यहि हो र !

सब भन्दा ताजा र गतवर्षका उदाहरण त्रिविका भीसी एप्वाईन्टमेन्ट सम्बन्धि लेखलाइ खास गरी उद्धृत गर्न चाहन्छु, जस्तो कि एउटै विषय त्रिविको भीसी एप्वाईन्टमेन्ट सम्बन्धि महिला तथा पुरुष गरी लगभग दशवटा एन्टी मधेश तथा गैरमधेशी लेखकको लेख छापियो तर दुःखको कुरा त्यसै विषय माथि आफू एघारौ नम्बरमा त्रिविका वर्तमान भीसीका नयां गतिविधीलाई समेटी बधाइदिने क्रममा मार्मिक तथा सागर्भिक लेख त्यहि मिडियामा पठाए तर प्रकासित अहिले सम्म भएनन् । किनकी त्यो दुई पैसा परिश्रमिक बापत मधेशीले पनि पाउने थियो नि ?यस्तो किसिमको आर्थिक लाभ तथा बौद्धिक प्रशंसा गैर मधेशीहरुले हामीलाई देखि नसक्ने भएको छ ।त्यसै गरी भरतपुर र चितवनका भ्रमण वर्षका मार्मिक लेख जतिवटा मिडियामा दिए कसैले छापेनन् तर त्यहि प्रोफाईल तराइ मधेश बाहेक रहेमा दिने बितिकै छापिन्छ। यस्तो भेदभाव किन त ? हामी दोश्रो दर्जाका नागरिक सरह कहिले सम्म अपहेलित होलाऊत?सम्बन्धीत् मेडियाका सम्पादक महानुभावले बुझिदिनु परेनन् ?

जब कि ठुला भन्दा ठुला मेडिया क्षेत्रका सञ्चालकमा मधेशीहरु पनि पर्दछन् तर सम्पादक महानुभावले गैर मधेशीलाई नै ग्राहयता दिएको पाईन्छ । यस्तोमा यस्ता गैरजिम्मेवार संपादकहरुका नैतिकतामाथि सबाल उठ्छ कि उठ्दैनन् तयसर्थ् बडो दुःखको साथ यो गुणासो यसै लेख मार्फत् सम्बन्धीत् सबैमा अभिव्यक्त गर्न चाहन्छौ कि जसरी केबल भाषा विवादले बंगलादेश पाकिस्तानबाट टुक्रिए र एउटा भाषा विवादले अनेकौ जनताका जीउ ज्यानको पनि बलिदानी गर्नु पर्यो त्यसैगरी नेपालको राष्ट्रको चौथो अंग कहलिने मास मेडिया यदि स्वतन्त्र र निष्पक्ष भइ दिएन भने त्यस्ता सुनामी नेपालमा आउंदैनन् भने भन्न सकिंदैनन् । एक त पहिला देखि नै, वैज्ञानिक सीके



राउतका कृति मधेशको इतिहासमा मधेश नेपाल भन्दा अलग राज्य थियो जसलाई नेपालले आफ्नो उपनिवेश बनाएर राखेका छन् रे भनेर भारत अंग्रेजका युद्धकालिन सन्धी र सम्झौतामा उल्लेख रहेका प्रमाणित पनि गरिएको छ । लाग्दछ अब यस्तो अन्धो राष्ट्रभक्तिले कुनै सुनुबाई हुनेबाला छैनन् ।

त्यसैले सीके राउत जस्ता प्रखरवैज्ञानिक रदार्शनिकले नेपालको राष्ट्रियमातृशक्ति माथिकै पवित्रता तथा यसको सतित्व माथि सन्देह जुन अधारमा गरेका छन त्यो एक प्रकारले नजायज नगरेका रहेछन् भने जस्तो तीतोसत्य तथ्य आफूलाई पनि अचेल सहि नै लाग्न थालेछन् ।

जसरी गान्धीजीले अंग्रेज भगाउ आन्दोलन गरेर भारतलाई अजादी दिलाउन सफल भए अबको दिनमा केबल मधेशलाई होइन नेपाल आमाले यस्तो राज नेताको जन्माओस जसले यस्ता भेदभाव दमन लाई अन्त्य गरी संपूर्ण नेपालमा एन्टी मधेश र गैर मधेशीको सर्वनाश गरी समाजिक तथा राजनितिक रुपमा समतामुलक समाजको निर्माण गर्न सफल होस् । हुनत विगतका केहि क्रान्तिकारी नेतागण लगायत उपेन्द्र यादव र प्रचण्डको जनयुद्धले केहि हद सम्म नेपाललाई तानाशाहीलाई अन्त्य नगरेका होइनन् तर तापनि नेपालमा व्यावहारिक रुपमा त्यस्ता भेदभावको अन्त्य अहिले पनि हुन सकेका छैनन् जो पञ्चायतकालमा जकरिएर अथवा जरा गारेर बसेका थिए ।

यसर्थ् त्यो दिन अब दुर छैनन, जसरी मुस्लिम लिगका नेता जिन्ना हजारेले पाकिस्तानलाई भारतबाट स्वतन्त्रता दिलाए, महान आन्दोलन मार्फत् यिनले तत्काल स्वतन्त्र राष्ट् पाकिस्तानको भारतबाट अलगअस्तित्व नै कायम गरेको प्रमाण विश्वको इतिहांसमा दर्ज भएकै हो । विश्का संयुक्तराष्ट् संघ जस्ता अन्तराष्ट्रिय संघ संस्था साक्षीरहेकाले, यदि वास्तवमा नेपालले मधेश र मधेशीलाई केवल आफ्नो उपनिशदकै रुपमा थिचिराख्ने हो भने एउटा महाभारत जस्तो आन्दोलन गर्न बांकी रहेको छ जसले सिंगो मधेशलाई मुक्ति दिएर संपूर्ण एन्टी मधेश र गैर मधेशीका हकमा,जसरी अंग्रेजलाई भारतले लखेटे झैं नेपालले पनि त्यस्ता स्वार्थी र संकीर्णताका ज्यादती फैलाउनेलाई लखेट्ने सफल हुनेछन् ।

कारण एकै वंशका सहोदर भाइ धृतराष्ट्का छोराहरु पाण्डुपुत्रलाई खड्यन्त्रपूर्वकविभिन्न जालझेलगरेर कपटपूर्वक उल्टोपासा खेली वनवासका सजाउ दिएका थिए, त्यसै गरी एउटै देशका नागरिक मधेशीहरु गुप्त वनवास सरह जिवन विताउंदै छन् भने यसका बिरोधी जति तिनीहरुसबै राज्यका हरेक अंगमा कौरवझै मौज र मस्ती गरी बसेका छन् । यी यस्ताखाले असमानतालाई अन्त्य गर्नका लागि अब भनेको अन्तिम महा आन्दोलनको खांचो छ जसले महाभारतका कौरवदललाई सदाकालागि पराजीत गरेर पाण्डवहरुका न्याय दिलाउनेछन् । विचरा पाण्डवहरु कति दिन सम्म गुप्त वनवासको जीवन जिउने हो त !

विश्वमा संघीय व्ययस्था अवलम्बन गर्दै आएका मुलुक मध्ये नेपाल चांहि अहिले सम्मको कान्छो मुलुक नै हो । संविधानले व्यवस्था गरे अनुरुपको संघीयताको सफलता पूर्वक कार्यान्वयनमा आएको लगभग आठ वर्ष हुंदैछ। यसको प्रशासनिक मोडेल चांहि अन्य मुलुक भन्दा केहि भिन्न सहकार्यात्मक र अन्तर सम्बन्धित पद्धति अनुरुप आफनै खालको विशेषतामा अगाडि बढिरहेको छ । शासकीय क्रियाकलापमा बढीभन्दा बढी नागरिक संलग्नता गराउन राजनीतिक प्रक्रिया केन्द्रित संघीयताको मूल मर्मलाई पनि आत्मसात गर्दै अगाडि बढदा कार्यान्वयन तहमा बााधा व्यावधान उत्पन्न हुनु स्वाभाविक हो । तर यस किसिमका व्यावधान निराकरण गर्न संघीय सरकारले अन्तरतह समन्वय र सहजीकरण गरी अगाडि बढनुपर्ने आवश्यकता बोध गर्दै आएको छ। यद्यपि कतिपय अवस्थामा अलमलकै स्थिति देखिदै आएकोमा अब भने सरकारले समस्या निराकरण गर्ने कार्यलाई तिव्रता दिएको छ र वर्तमान राष्टिय सहमतिको सरकारले पनि यसको निरन्तरता दिदै लैजानु पर्दछ।

हुनत विगतमा संघीय व्यवस्थाको प्रभावकारी कार्यान्वयनमा अत्यावश्यक कानुन पनि निर्माण गर्न संघीय सरकारले विलम्ब गरेका भनाइ पनि सर्वजनिक हुंदै आएका थिए । तथापि संविधानको मर्म अनुरुप अन्तरतह समन्वय र सहजीकरण, तीनै तहको सरकारका एकल तथा साझा अधिकारको बांडफांट लगायतकाविषयमा देखिएको अलमले पनि केहि हदसम्म पुष्टि गरिरहेको अनुभुति नभएको पनि होईन । यसको बावजुद पनि अब भने विगतका सरकारले अग्रसरता देखाएर संघीय व्यवस्थाको सफल कार्यान्वयनप्रतिको प्रतिबद्धतालाई शंकारहित बनाउंदै गएको छ।

वास्तवमा यदि भन्ने हो भने, संघीयताको सही अर्थ चांहि बराबरीको अधिकार र जिम्मेबारी बांडफांट हो। किनकी संविधानलेपनि संघ, प्रदेश र स्थानीय तहको अधिकारलाई स्पष्ट उदेश्य सहित उल्लेख गरेको छ । राजयशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानुनबमोजिम गर्ने गरी निर्दिष्ट गरिए अनुरुप सरकारले संघीय व्यवस्थाको प्रभावकारी कार्यान्वयनका लागि तीनै तहका सरबारबीच समन्वय र सहकार्यलाई तीव्र पार्दै आएको दखिएको छ,यसर्थ् तीनै तहको सरकारको व्यवस्थतालाई अझै वैज्ञानिक तथाविकसित तुल्याउन संघीय मामिला तथा प्रशासनिक मन्त्रालयले संघीयता कार्यान्वयनमा सम्बन्धित् प्रदेश र स्थानीय तहसंग सहजीकरण र समुचित समन्वय पनि गर्दै आइरहेको छ। अर्कातर्फ संघीय सरकारको नियमित समन्वय सहकार्य तथा सहजीकरणमा प्रदेश र स्थानीय तहको शासकीय प्रणली तथा सेवा प्रवाहलाई पनि प्रभावकारी वनाउने तर्फको अग्रसरतालाई संघीयताविज्ञले केहि सुधार सहित सकारात्मक रुपमा लिएको पाइको छ।

यसका साथसाथै संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयलेसातवटै प्रदेशका स्थानीय तहमा पुगेर संघीयता कार्यान्वयनमा देखिएका समस्याको पहिचान गरी गराइ तत्काल समाधान गर्ने कार्य पनि प्रारम्भ गरेर सकारात्मक सन्देशप्रवाह गरेको छ। सम्बन्धीत् पालिकामा देखिएको जनशक्ति अभाव, कमजोरवित्तिय उत्तरदायित्व, स्थानीय श्रोत तथा साधनको न्यून परिचालन, कानुन निर्माणमा कमजोरी जस्ता विविध समस्या पहिचान गरी सम्बन्धित् मन्त्रालय संगको समन्वयमा समाधान गर्न थाल्नुले स्थानीय तहमा संघीयता कार्यान्वयनप्रति जनप्रतिनिधिहरुमा पनि केहि हद सम्म भरोसा वृद्धि भएको अनुभव गरिएको छ।

यसैबिच संघीयता कार्यान्वयनमा आएयता गत पुषमा पहिलो पटक अन्तर प्रदेश समन्वय परिषदको बैठक बसेर तीन तहको सरकारसंग संघीय सरकारले समन्वय गर्ने प्रक्रिया पनि अगाडि बढाएको छ। बैठकमा मूलरुपमा संघीय शिक्षा ऐन, निजामती सेवा ऐन र प्रदेश प्रहरी ऐन तत्काल आवश्यक देखिएको निष्कर्ष निकालिएको स्मरणीय तथा सराहनीय रहे तापनि कार्यान्वयनमा चांहि उत्तिकै ढिलासुस्ती पनि देखिएको छ।

चालु अधिवेशनले यी ऐन पारित गर्ने अपेक्षा रहेकोछ। चांडै नै सम्बन्धित् ऐन अनुरुप आवश्यक नियमावली तर्जुमा हुंदा ऐन पनि कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेस समितिको प्रतिवेदन कार्यान्वयन प्रक्रिया अगाडि बढाउनु पर्ने संघीय व्यवस्थाविज्ञको आवश्यक अभिमत पनि उत्तिकै माननीय हुन आउंछ।

खासगरी पछिल्लो पटक सरकारमा सहभागी दलहरुको फेरबदलपछि, स्थानीय तहको जनशक्ति व्यवस्थापन, बजेट कार्यान्वयन र स्थानीय सरकार सञ्चालन ऐनलाई समयसापेक्ष रुपमा परिमार्जनगर्दै लैजानेलगायतका संघीयता कार्यान्वयनसंग जोडिएका विषयलाई पनि प्राथमिकता दिन थालेको संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयले पनि स्पष्ट पार्ने गरेको छ ।किनकी संविधान र कानुनमा उल्लिखित स्थानीय तहका अधिकारलाई सबलीकरण गर्दै तीनै तहसंग समन्वय गरेर तहगत सरकारको नीति, कार्यक्रम र बजेट कार्यान्वयनमा देखिएको अलमल निराकरणगर्न मन्त्रालयले सम्बन्धित क्षेत्रका विज्ञसहितको सरोकारबालाको सहभागितामा संघीयता कार्यान्वयन सहजीकरण संवादसमेत थालनी गरेका छन् ।

स्थानीय तहको संगठन संरचना, दरबन्दीसृजनामा राष्ट्रिय मापदण्ड तथा स्थानीय सेवाको गठन तथा सञ्चालनका लागि सबै प्रदेशमा आवश्यक कानुनी व्यवस्था, स्थानीय तहको केन्द्र, वाडाकेन्द्र, सिमाना र वाडाको विभाजन सम्बन्धी देखिएका समस्याको पहिचान, वित्तिय संघीयता, संघ र प्रदेश सरकारबिच समन्वय र सहकार्यमा मन्त्रालयको भूमिका अपरिहार्य हुने सुशासनविज्ञको सुझावलाई ग्रहण गर्नुपर्ने छ, यसर्थ संघीयताका प्रभावकारी कार्यान्वयनबाटै तत्काल मुलुकले न्याय, सुशासन आर्थिक तथा सामाजिक विकाससहितको समृद्ध नेपालको लक्ष्य पुरा गर्ने छ जसलेगर्दा आउंदो दिनमा पनि संघीयता स्वतः सुदृढ हुंदैजानेछ भने दिशा निर्देशगर्दछ। तत्पश्चात् मात्र आशा गर्न सकिन्छ कि एन्टी मधेश तथा गैर मधेशी सेन्टीमेन्ट पनि विस्तारै निरुत्साहित हुंदै जानेछन् ।किनकी मधेश केवल स्वायत्त र स्वतन्त्र भएर हैदैनन् मधेश बिरोधी गतिविधी तथा गैर मधेशी सेन्टीमेन्ट देश प्यापी रुपमा सदाकै लागि अन्त्य हुनु आवश्यक छ अन्यथा अबको दिनमा यदि मधेश जागेमा महाभारतको युद्धबाट यसलाई कसैले पनि बचाउन सक्दैन ।

अबको राष्टिय सहमतिको सरकारले मधेशीको मागलाई सम्बोधन गरेर आन्तरिक उपनिवेशबाट छुटकरा दिलाउनु पर्दछ, अनयथा हजारौ सोशक, सामन्ति नोकर शाहि गैर मधेशी जो कथित पहाडी आफूलाई ठानेर अन्याय अत्याचार गरी सोशन दमनमा नै रमाउने गरिराखेकाछन् तिनीहरुलाई पनि तह लगाउनका लागि सयकरौ मधेशी आफ्ना जीउज्यानका बलिदान गर्न तयार छन् त्यो महा भारतयुद्धमा, जसको सदीयौं देखि प्रतिक्षा छ,,किनकी जनयुद्धले गर्न नसकेका बांकी काम अब महाभारत युद्धबाट मात्र संभव रहेको छ ,भने अन्तिम अशा रहेको छ।

# स्वास्थ्य सामग्रीको सार्वजनिक खरिदमा छुट्टै व्यवस्थाको आवश्यकता किन?



हरेन्द्र चटौत

नेपालको स्वास्थ्य सेवा क्षेत्रमा सुधार ल्याउन आवश्यक पर्ने एक महत्वपूर्ण पक्ष भनेको स्वास्थ्य सम्बन्धी मालसामानको प्रभावकारी र गुणस्तरीय खरिद प्रक्रिया हो। यो लेखको मुख्य उद्देश्य भनेको सार्वजनिक खरिद ऐन २०६३र सार्वजनिक खरिद नियमावली २०६४ मा स्वास्थ्य सम्बन्धी मालसामानहरूको खरिद प्रक्रियामा देखिएका समस्याहरूलाई विश्लेषण गर्नु र यसको लागि छुट्टै व्यवस्थाको आवश्यकता औंल्याउनु हो।

सार्वजनिक खरिद ऐन २०६३ ले सबै प्रकारका( निर्माण,मालसामान,परामर्शआदि) सार्वजनिक खरिद प्रक्रियाहरूलाई एउटै नियममा बाँध्न खोजेको छ। यसले गर्दा स्वास्थ्य सम्बन्धी मालसामानहरूको खरिद प्रक्रियामा ढिलासुस्ती र जटिलता उत्पन्न भएको छ। उदाहरणका लागि, अत्यावश्यक औषधि र उपकरणहरूको खरिद गर्दा जटिल प्रक्रियाहरूले गर्दा समयमा खरिद गर्न कठिनाइ भई अस्पतालहरू वा स्वास्थ्यसंस्थाहरुमा औषधि र उपकरणहरूको अभावले बिरामीहरूको स्वास्थ्यमा प्रतिकूल प्रभाव पार्न सक्ने सम्भावना रहन्छ।

वर्तमान सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११ ले सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेशनको अधीनमा रही तयार गर्नुपर्ने उल्लेख छ। तर स्वास्थ्यजन्य मालसामानको स्पेसिफिकेशन र लागत अनुमान तयार गर्न प्रस्ट निर्देशिका वा नियममा समावेश छैन र विशेषज्ञताको समावेश प्रावधान स्पष्ट रूपमा उल्लेख नगरिएको हुँदा बजार मूल्यमा उतार-चढाव, विशेषज्ञताको अभाव र गुणस्तर र मात्रा निर्धारण गर्न कठिनाइ भइरहेको छ।

गुणस्तरको प्रत्याभूति दिने प्रावधान समावेश गरेको त छ, तर यो प्रावधान स्वास्थ्य क्षेत्रको विशिष्ट आवश्यकताहरूलाई सम्बोधन गर्न पर्याप्त छैन। वर्तमान ऐनमा गुणस्तर नियन्त्रण र प्रमाणिकरणका लागि स्पष्ट व्यवस्थाहरूको अभाव रहेकोले स्वास्थ्य सम्बन्धी मालसामानहरूमा न्यून गुणस्तरका उपकरण र औषधिहरू बिरामीहरूको स्वास्थ्यमा गम्भीर खतरा उत्पन्न गर्न सक्ने हुँदा सार्वजनिक खरिद ऐनमा उच्च गुणस्तरका मालसामानहरूको खरिद सुनिश्चित गर्नका लागि गुणस्तरमा कुनै सम्झौता नहोस् भनेर स्वास्थ्य मन्त्रालयसँग समन्वय गरि गुणस्तर नियन्त्रणका कडा मापदण्डहरू समावेश गर्न आवश्यक भईसकेको छ।

सार्वजनिक खरिद ऐनमा एक अर्को महत्वपूर्ण पक्ष भनेको शीघ्रता र लचकता हो। ऐनमा बोलपत्रको सूचना, आशयको सूचना र खरिद सम्झौता गर्ने दिईने समयावधि बैज्ञानिक र व्याबहारिक गर्न आवश्यक भैसकेको छ। ऐनमा आपतकालीन अवस्थामा विशेष खरिद प्रक्रियाको व्यवस्था गरेको त छ, तर स्वास्थ्य क्षेत्रका अत्यावश्यक सामग्रीहरू खरिद गर्दा शीघ्रता र लचकता आवश्यक हुन्छ भनेर पर्याप्त ध्यान दिइएको छैन। आपतकालीन अवस्थामा खरिद प्रक्रियामा ढिलासुस्ती हुन नदिन तत्काल खरिद गर्न सक्ने प्रणाली बनाउनुपर्ने आवश्यक रहेको छ।

तसर्थ नेपालको स्वास्थ्य क्षेत्रलाई गुणस्तरीय र प्रभावकारी बनाउनका लागि सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ मा स्वास्थ्य सेवा प्रदान गर्ने प्रक्रियामा सुधार र तीव्रता ल्याउन र खरिद प्रक्रियाका आधारभूत सिद्धान्तहरू प्रतिस्पर्धा, पारदर्शिता, समानता, र जवाफदेहिताको उचित ब्याख्या गर्न स्वास्थ्य सम्बन्धी मालसामानहरूको खरिदका लागि छुट्टै व्यवस्थाको माग रहेको छ।

- (बायोमेडिकल इन्जिनियर चटौत गेटा अस्पतालमा कार्यरत छन्।)

# डेङ्गुबाट कसैले पनि ज्यान गुमाउनु नपर्ने अवस्था निर्माणका लागि काम भइरहेको स्वास्थ्य मन्त्रीको प्रष्टोक्ति

मन्त्री पौडेलले डेङ्गु रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ अनुसार काम भइरहेको बताउनुभयो ।



काठमाण्डु । स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले डेङ्गुबाट कसैले पनि ज्यान गुमाउनु नपर्ने अवस्था निर्माणका लागि मन्त्रालयले काम गरिरहेको बताउनुभएको छ।प्रतिनिधिसभाको मंगलबारको बैठकमा सांसद प्रतिमा गौतमले प्रस्तुत गर्नुभएको डेङ्गु नियन्त्रणसम्बन्धी जरूरी सार्वजनिक महत्वको प्रस्तावमाथिको छलफलमा उठेका प्रश्नको जवाफ दिनुहुँदै उहाँले डेङ्गु रोकथाम तथा नियन्त्रण गर्न आवश्यक रणनीति अख्तियार गरिएको जानकारी दिनुभयो ।

मन्त्री पौडेलले डेङ्गु रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ अनुसार काम भइरहेको बताउनुभयो। "विश्वव्यापी रूपमा प्रभावकारी मानिएको र सिफारिस गरिएको लामखुट्टेको बासस्थान खोजी गर्ने र नष्ट गर्ने अभियान सञ्चालन गरिएको छ, सङ्घ, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकायले गर्नुपर्ने कामसहितका व्यवस्थाका लागि डेङ्गु रोकथाम तथा नियन्त्रण कार्ययोजना २०८१ स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ", उहाँले भन्नुभयो ।

मन्त्री पौडेलले डेङ्गु रोकथाम र नियन्त्रणलाई प्रभावकारी बनाउन इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको नेतृत्वमा राष्ट्रिय 'डेङ्गु टास्क फोर्स' गठन भई क्रियाशील रहेको जानकारी दिनुभयो। स्थानीय तह र प्रदेशमा द्रुत प्रतिकार्य टोली परिचालित भएका पनि उहाँले बताउनुभयो।

स्थानीय तहमार्फत बहुनिकायको सहभागितामा खोज तथा नष्ट अभियानलाई व्यापकरूपमा सञ्चालन गर्न चालु आर्थिक वर्षमा स्थानीय तहमा रु सात करोड ९८ लाख र ७७ वटा जिल्लामा रु दुई करोड बजेट विनियोजन गरिएको मन्त्री पौडेलले जानकारी दिनुभयो । "डेङ्गु रोगको स्क्रिनिङका लागि डेङ्गु परीक्षण कीटको व्यवस्थापनगरी मौज्दात राखिएको छ, चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको सिफारिसमा निःशुल्क परीक्षण गरिँदै आएको छ", उहाँले भन्नुभयो।

मनसुनसँगै डेङ्गुको संख्यामा वृद्धि हुँदै जाने र द्रुत परीक्षण कीटको माग अत्यधिक हुनेहुँदा उक्त मागलाई सम्बोधन गर्न तथा अपुग कीट खरिद तथा व्यवस्थापनका लागि प्रदेशमा समेत आवश्यक स्रोत सुनिश्चित गरिएको मन्त्री पौडेलको भनाइ छ। "डेङ्गुबाट हुने मृत्युको जोखिम कम गर्न निजी तथा सरकारी अस्पतालका आठ सयभन्दा बढी चिकित्सक र स्वास्थ्यकर्मीलाई डेङ्गु रोगको राष्ट्रिय उपचार पद्धतिका बारेमा अभिमुखीकरण गरिएको छ", मन्त्री पौडेलले भन्नुभयो,"पछिल्लो छ महिनामा ७३ जिल्लामा एक हजार आठ सयभन्दा बढी डेङ्गुबाट सङ्क्रमित भएका छन् । यसविरुद्ध सचेतता अपनाउन आवश्यक छ ।" प्रतिनिधिसभाको अर्को बैठक यही साउन १३ गते आइतबार अपराह्न १ बजे बस्नेछ ।रासस

# कांग्रेस र एमाले मिलेर बनेको सरकारलाई असफल हुने छुट छैन : नेता डा कोइराला




काठमाण्डु । नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले संसद्का दुई ठूला दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) मिलेर बनेको सरकारलाई असफल हुने छुट नरहेको बताउनुभएको छ।

नेपाल प्रेस युनियनको नवौं महाधिवेशनबाट निर्वाचित कार्यसमितिले दोस्रो वर्ष पूरा गरेका अवसरमा आज यहाँ आयोजित 'संविधान संशोधनः प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता' विषयक विचार गोष्ठीमा उहाँले नागरिकमा बढेको निराशा चिर्न, संविधान संशोधन तथा राजनीतिक स्थायित्व दिने सर्तमा दुई ठूला दलबीच सहकार्य भएकाले सोअनुसार परिणाम दिन नसके थप अनिश्चितता बढ्ने धारणा राख्नुभयो।

डा कोइरालाले सरकारलाई सही काम गर्न पार्टीभित्रका नेता, प्रेस जगत्, नागरिक समाजलगायत सबैले खबरदारी गरिरहनुपर्नेमा समेत जोड दिनुभयो । "देशमा रहेका समस्या समाधान, राजनीतिक स्थायित्व र नागरिक निराशा चिर्न तथा संविधान संशोधन गरी देशमा स्थिरता ल्याउने भन्दै दुई ठूला दल एकठाउँमा आएका छौँ।

यस अवस्थामा धेरै अपेक्षा र आशङ्का छन्। कतिपयले ठूला शक्ति मिलेकाले निरंकुशतातिर उन्मुख होलान् कि भनी शङ्का गरिरहेका छन् । त्यसले यो सरकारलाई असफल हुने छुट छैन", उहाँले भन्नुभयो,"निरंकुश हुने सवालमा तपाईंहामी सबैले आआफ्नो ठाउँबाट खबरदारी गरिरहनुपर्छ । यसमा नेपाल प्रेस युनियनलगायत प्रेससँग सम्बन्धित संस्थाको भूमिका थप महत्वपूर्ण छ।"

त्यसैगरी उहाँले १० वर्षमा संविधानमा पुनरावलोकन गर्ने कुरा संविधानमै उल्लेख भएकाले पनि दुई दलले यसलाई निष्कर्षमा पुऱ्याउनुपर्ने उहाँको भनाइ थियो । संविधान संशोधनका विषयमा बहस चलाउनु सान्दर्भिक रहेको उल्लेख गर्नुहुँदै नेता डा कोइरालाले यस विषयमा सबै तहमा छलफल चलाउन आवश्यक रहेको धारणा राख्नुभयो । "के-केमा संविधान संशोधन गर्ने भन्ने निश्चित गरिनुपर्छ। मिश्रित निर्वाचन प्रणालीले कसैको बहुमत नआउने भएकाले राजनीतिक अस्थिरता हुने गरेको छ । त्यसैले समावेशी प्रतिनिधित्वसमेत सुनिश्चित, राजनीतिक स्थिरता र नागरिकमा आशा जागृत हुने गरी संविधान संशोधन हुनुपर्छ", नेता डा कोइरालाले भन्नुभयो। संसद्मा रहेका सबै राजनीतिक दलले बृहत् समझदारी गरेर संविधान संशोधन गरिनुपर्ने उहाँको विचार छ।

कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले दुई ठूला दल मिल्दा संविधान संशोधनलगायत महत्वपूर्ण काम गरेर देखाउनुपर्ने र सरकारले गलत काम गर्नसक्ने तर्फ बेलैमा सचेत हुनुपर्ने बताउनुभयो। उहाँले राजनीतिक स्थिरताका लागि असल राजनीतिक संस्कार पनि विकास गर्नुपर्नेमा जोड दिनुभयो । नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष हरिहर विरहीले संविधानले पूर्ण प्रेस स्वतन्त्रताको कुरा गरे पनि विभिन्न कानुनमा भएका प्रतिबन्धात्मक व्यवस्थाले कार्यान्वयनमा चुनौती रहेको बताउनुभयो । संविधानमा मात्र नभई सत्तामा बस्नेको मानसिकता र प्रवृत्तिमा पनि संशोधन हुनुपर्ने उहाँको भनाइ थियो।

युनियनका सल्लाहकार एवं पत्रकार महासङ्घका पूर्वअध्यक्ष तारानाथ दाहालले राजनीतिक क्षेत्रबाट निर्वाचन प्रणाली, न्यायिक क्षेत्रबाट न्याय परिषद् र संवैधानिकपरिषद्सम्बन्धी व्यवस्था संशोधनको माग भइरहेकाले प्रेस जगतले अभिव्यक्ति तथा प्रेस स्वतन्त्रता, सञ्चार एवं सूचनाको हकका व्यवस्था सबल हुने गरी संविधान संशोधनका लागि पहल गर्नुपर्ने बताउनुभयो । युनियनका पूर्वअध्यक्ष एवं प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले संविधान संशोधनको बहसलाई निष्कर्षमा पुऱ्याउनुपर्नेमा जोड दिनुभयो।

युनियनका अध्यक्ष शिव लम्सालले संविधानमा प्रेससम्बन्धी व्यवस्था संशोधनका लागि युनियनले बहस सुरू गरेको जानकारी दिनुहुँदै यसलाई जिल्ला जिल्लामा लगिने बताउनुभयो । क्रियाशील पत्रकारलाई पत्रकार महासङ्घको सदस्यताबाट वञ्चित गर्न खोजिएको प्रपञ्च युनियनको आन्दोलनले अन्त्य गरेको भन्नुहुँदै उहाँले शाखा र प्रदेशले नियमसम्मत सिफारिस गरेका सबैले सदस्यता पाउनुपर्नेमा युनियन प्रष्ट रहेको सुनाउनुभयो । साउन अन्तिम वा भदौको पहिलो साता पत्रकार महासङ्घको निर्वाचन गर्ने गरी सहमतिको प्रयास भइरहेको अध्यक्ष लम्सालले बताउनुभयो।

कार्यक्रममा युनियनका उपाध्यक्ष नकुल अर्याल, महासचिव दिलीप पौडेललगायतले संविधान संशोधन गर्दा प्रेस स्वतन्त्रतासम्बन्धी सबल व्यवस्थाका लागि युनियनले पहल गर्ने प्रतिबद्धता जनाउनुभएको थियो ।त्यसअवसरमा नेता डा कोइरालाले नारी मासिक पत्रिकाकी सम्पादक इशा अधिकारीलाई खादा ओढाएर नेपाल प्रेस युनियनमा प्रवेश गराउनुभएको थियो ।रासस

# संसद्का संयुक्त र विषयगत समितिका सदस्यको नाम हेरफेर

काठमाण्डु । प्रतिनिधिसभाले संसदीय सुनुवाइ र विषयगत समितिमा सदस्य थप र हेरफेर गरेको छ। सभाको मंगलबारको बैठकमा सभामुख देवराज घिमिरेले राख्नुभएको सदस्यको नाम हेरफेरसम्बन्धी प्रस्तावलाई सभाले सहमति जनाएको थियो।

सभामुख घिमिरेले संयुक्त बैठक र संयुक्त समिति कार्यसञ्चालन नियमावली, २०८० को नियम २५ को २ बमोजिम संसदीय सुनुवाइ समितिमा सदस्यहरूको नाम हेरफेरको प्रस्ताव प्रस्तुत गर्नुभएको थियो। उक्त समितिमा सांसद रमेश लेखकको स्थानमा सांसद श्यामकुमार घिमिरे र सांसद डा स्वर्णीम वाग्लेको स्थानमा डोलप्रसाद अर्याललाई हेरफेर गरिएको छ ।यस्तै राज्य व्यवस्था तथा सुशासन समितिमा सांसद पुष्पकमल दाहाल 'प्रचण्ड', पूर्णबहादुर खड्का, रवि लामिछाने र राजेन्द्रकुमार राई थपिनुभएको छ। सांसद हरि ढकाललाई राज्य व्यवस्था तथा सुशासन समितिबाट सार्वजनिक लेखा समितिमा लगिएको छ।



शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा सांसद रेखा शर्मा र सुमना श्रेष्ठ थपिनुभएको छ। यस समितिबाट सांसद मीना यादवलाई कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा सारिएको छ। अर्थ समितिमा सांसद पदम गिरी, भगवती चौधरी, वर्षमान पुन र विराजभक्त श्रेष्ठलाई थपिएको छ। अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिमा सांसद हरिप्रसाद उप्रेती र हितबहादुर तामाङ थपिनुभएको हो।

उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता समितिमा सांसद रघुवीर महासेठ र डोलप्रसाद अर्याल थपिनुभएको छ। रासस

# 'न्यूनतम महसुल तिर्न नसकी लाइन काटिएका जनताका बारेमा पनि छलफल गरौँ'

काठमाण्डु । नेपाली कांग्रेसका सांसद चन्द्र भण्डारीले विद्युत्को न्यूनतम महसुल तिर्न नसकी लाइन काटिएका पौने दुई लाख जनताका बारेमा सदनमा छलफल हुनुपर्ने बताउनुभएको छ।

प्रतिनिधिसभाको मंगलबारको बैठकको विशेष समयमा उहाँले जनताको मतबाट निर्वाचित सांसदले ठूला व्यक्तिका बारेमा मात्र छलफल गर्ने परम्पराबाट मुलुक समृद्धिको मार्गमा अगाडि बढ्न नसक्ने बताउनुभयो ।सांसद भण्डारीले प्रश्न गर्नुभयो, "केही सीमित व्यक्तिका निम्ति सदनमा बहस भइरहेको छ, तर एक लाख ७५ हजार जनताले पैसा तिर्न नसकेर बिजुली काटिएको छ। तीनका बारेमा कसले छलफल गर्ने ? जनताको मत लिने तर छलफल ठूला व्यक्तिको मात्र गर्ने ?"



तीन दिनदेखि सदनमा 'लोडसेडिङ'का समयमा 'डेडिकेटेड' र 'ट्रङ्क'लाइनबाट निरन्तर बिजुली पाइरहेका उद्योगसँग बक्यौता रु २१ खर्ब उठाउने वा छोड्ने वा कसले तिर्ने भन्नेमा दोहोरी चलिरहेकामा उहाँले दुःख व्यक्त गर्नुभयो । "यसरी हुँदैन, राज्य अब गरिबको पनि बन्नुपर्छ, सदनमा गरिबका विषय पनि उठाउनुपर्छ", उहाँले प्रश्न गर्नुभयो, "औषधि नपाएका, बिजुली काटिएका, पढ्न नपाएका बालबालिकाका कुरा कसले गर्दिने सदनमा ?"संसद्मा ठूलाबडाको कुरा गर्ने, जनताका कुरा नगर्ने परम्पराबाट सरकार जनताबाट धेरै टाढा भएको अनुभूति भएको उल्लेख गर्दै सांसद भण्डारीले सदनमा जनताको समस्यामा छलफल हुनुपर्ने बताउनुभयो।

**स्वार्थको द्वन्द्वसम्बन्धी ऐन बनाऔं**

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद योगेश भट्टराईले स्वार्थको द्वन्द्वसम्बन्धी एकीकृत ऐन बनाउनुपर्ने औँल्याउनुभयो। स्वार्थको द्वन्द्वसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महासन्धिलाई नेपालले संसद्बाट अनुमोदन गरिसकेको अवस्थामा सोसम्बन्धी कानुन अवश्यक भएको बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का सांसद सुदन किराँतीले मुलुकको राजनीतिक स्थायित्वका लागि व्यवस्था दोषी नभई राजनीतिक नेतृत्वको प्रवृत्ति जिम्मेवार भएको बताउनुभयो । राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद गणेश पराजुलीले आन्तरिक उत्पादनको निर्यातमा सहुलियत उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद रोशन कार्कीले सामुदायिक विद्यालयको शैक्षिकस्तर सुधार्न सरकारले प्रभावकारी कदम चाल्नुपर्ने बताउनुभयो।

नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का सांसद राजेन्द्र पाण्डेले विगतमाभन्दा धेरै पर्यटक भित्र्याउने, जलविद्युत र सूचना प्रविधिको विकास तथा गुणस्तरीय स्वाथ्य शिक्षाको प्रबन्ध मिलाउन सरकारलाई सुझाव दिनुभयो ।जनता समाजवादी पार्टीका सांसद रञ्जुकुमारी झाले संविधान कार्यान्वय गर्न आवश्यक कानुन निर्माण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। जनमत पार्टी नेपालका सांसद अब्दुल खानले नागरिकलाई सर्वसुलभ स्वास्थ्य सेवा उपलब्ध गराउनु सरकारको दायित्व भएको बताउनुभयो।

नागरिक उन्मुक्ति पार्टीका सांसद लालवीर चौधरीले विगतका असल अभ्यास अवलम्बन गर्दै प्राकृतिक प्रकोपदेखि विभिन्न रोगको सङ्क्रमण नियन्त्रणको कार्यक्रमलाई प्रभावकारी बनाउन ध्यानाकर्षण गराउनुभयो।

स्वतन्त्र सांसद योगेन्द्र मण्डलले किसानले धानको उचित मूल्य पाउने गरी बजार व्यवस्थापन गर्नुपर्ने माग गर्नुभयो।

कांग्रेसका सांसद रामकृष्ण यादवले जनकपुरको पूर्वी भेगका नागरिकलाई भन्सारको कार्यालयमा कर बुझाउन सास्ती खेप्नु परेको भन्दै बन्द रहेको छोटी भन्सार पुनः सञ्चालनका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।एमाले सांसद सुनिता बरालले विश्वविद्यालयलाई प्राज्ञिक थलो बनाउन छाता ऐन ल्याउन सरकारलाई सुझाव दिनुभयो ।रासस

# जनतामा आशा जगाउने गरी काम गर्न खानेपानीमन्त्री यादवको निर्देशन

काठमाण्डु। खानेपानी मन्त्री प्रदीप यादवले जनतामा सृजित निराशालाई आशामा परिणत गर्ने गरी काम गर्न निर्देशन दिनुभएको छ।

मन्त्री यादवले मंगलबार काठमाडौँस्थित नेपाल खानेपानी संस्थान पुगेर संस्थानको खानेपानी वितरण प्रणालीलाई सुदृढ गर्दै जनताको निराशालाई आशामा परिणत गर्ने गरी काम गर्न निर्देशन दिनुभयो। उहाँले भन्नुभयो, "जनताको निराशालाई आशामा परिणत गर्ने गरी काम गर्नुस्, के सहयोग चाहिन्छ, मन्त्रालय गर्न तयार छ।"



उहाँले नागरिकले शुद्ध खानेपानी खानका लागि सङ्घर्ष समिति गठन गर्नुपर्ने अवस्था रहेको उल्लेख गर्दै जनतामा नेतृत्वप्रति चरम निराशा छाएको उल्लेख गर्नुभयो। सोही क्रममा मन्त्री यादवले नेपाल खानेपानी संस्थानका गतिविधि, देशभर सञ्चालनमा रहेका कार्यालयको अवस्था, सञ्चालनमा रहेका परियोजना तथा कार्यक्रम र कार्यान्वयनका क्रममा आएका चुनौतीको जानकारी लिनुभएको थियो।

मन्त्री यादवले मंगलबारै काठमाडौँ उपत्यका खानेपानी लिमिटेडको मुख्य कार्यालयको भ्रमण पनि गर्नुभयो। भ्रमणका क्रममा उहाँले कम्पनीको इतिहास, गतिविधि, सञ्चालनमा रहेका परियोजना, तिनीहरूको कार्यान्वयनको अवस्था, प्रगति विवरण, आगामी कार्य योजना तथा चुनौतीबारेमा विस्तृत जानकारी लिनुभयो ।रासस

# ऊर्जा क्षेत्रलाई सरकारले मुख्य आयस्रोतका रुपमा अगाडि बढाएको छः मन्त्री खड्का

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले ऊर्जा क्षेत्रलाई सरकारले मुख्य आयस्रोतका रुपमा अगाडि बढाएको बताउनुभएको छ।



निजी क्षेत्रका ऊर्जा उत्पादकहरुको संस्था स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था (इप्पान) नेपालसँग मंगलबार मन्त्रालयमा भएको भेटमा उहाँले ऊर्जा क्षेत्रलाई सरकारले मुख्य प्राथमिकता दिएको बताउनुभयो । "इप्पानले राखेको माग निजी क्षेत्रको विकास र सरकारका लागि हो, यसलाई पूरा गर्न सरकार प्रतिबद्ध छ", मन्त्री खड्काले भन्नुभयो ।ऊर्जामन्त्री खड्काले निजी क्षेत्रलाई साथमा लिएर सरकार अगाडि बढ्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले छिटोछरितो रुपमा विद्युत् उत्पादनमा लाग्न निजी क्षेत्रलाई आग्रह गर्नुभयो।

इप्पानका अध्यक्ष गणेश कार्कीले बाढीपहिरो भूकम्प, आर्थिक मन्दी, विष्पोटक पदार्थको अभाव, जग्गा प्राप्तिमा ढिलाइलगायत समस्याले आयोजना निर्माणमा ढिलाइ हुने गरेको भन्दै विद्युत् आयोजनाको म्याद थप गर्ने वातावरण मिलाउन आग्रह गर्नुभएको थियो ।उहाँले सबै आयोजनाको पीपीए खुलाउनुपर्ने, १० मेगावाट क्षमताभन्दाका ठूला आयोजनालाई हाइड्रोलोजी पेनाल्टी नलाग्ने व्यवस्था गरिदिनुपर्ने माग गर्नुभएको छ ।रासस

# प्रभाववकारी ढङ्गले मौसमसम्बन्धी सूचना प्रवाह गर्न निर्देशन

काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले जनताको जीवन सुरक्षित हुनेगरी प्रभावकारी ढङ्गले मौसमका सूचना प्रवाह गर्नुपर्ने बताउनुभएको छ । जल तथा मौसम विज्ञान विभागको निरीक्षणपछि उहाँले जनताको जिउधनको सुरक्षालाई प्राथमिकतामा राखेर विभागले सेवा प्रवाह गर्नुपर्नेमा जोड दिनुभएको हो।

"जलवायु परिवर्तनका कारण हिमाल, पहाड र तराई आ-आफ्ना समस्या छन्, यसको अध्ययन गरेर व्यवहारिक रुपमा जनजीवनमा असर नपर्ने गरी विभाग क्रियाशील हुनुपर्छ,"- मन्त्री खड्काले भन्नुभयो । उहाँले विकास निर्माणसँगसँगै जलवायु परिवर्तन र यसका असर न्यूनीकरणलाईसमेत ध्यानमा राखी जल तथा मौसम पूर्वानुमानलाई समयसापेक्षित रुपमा परिमार्जित गर्दै अगाडि लैजानुपर्ने उल्लेख गर्नुभयो।




विकास निर्माणको कामलाई असर नपर्ने गरी विभागले खोज र अनुसन्धानलाई अगाडि बढाउनुपर्ने उहाँको भनाइ थियो।

मन्त्री खड्काले कर्मचारीको मूल्याङ्कन कार्यसम्पादनको आधारमा हुने भएकाले कर्मचारीलाई निर्भीक भएर काम गर्न निर्देशन दिनुभयो। उहाँले विभागका समस्या समाधानका लागि मन्त्रालय गम्भीर रहेको बताउनुभयो।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयकी सचिव सरिता दवाडीले जल तथा मौसमसम्बन्धी हालसम्म कुनैपनि नीति नबनेको बताउनुभयो । उहाँले जल तथा मौसम विज्ञान विभागको कार्य प्रकृति विशुद्ध प्राविधिक भएकाले रिक्त दरबन्दी पूर्ति गर्न प्रयास गर्ने बताउनुभयो ।विभागका महानिर्देशक डा जगदीश्वर कर्माचार्यले स्थान र समय विशेषको मौसम पूर्वानुमानको माग जनस्तरबाट आए पनि त्यसलाई सम्बोधन गर्न नसकिएको बताउनुभयो ।रासस

# बेलायतको जलवायु रणनीति अदालतको छानबिनमा

एएफपी

लण्डन । बेलायती सरकारले मङ्गलबार जलवायु परिवर्तनको सम्भावित प्रभावहरूबाट मानिस, सम्पत्ति र पूर्वाधारको रक्षा गर्न असफल भएकोमा अभूतपूर्व कानुनी चुनौतीको सामना गरिरहेको छ ।

वातावरणी अभियानकर्ताहरू 'पृथ्वीका साथीहरू' र अन्य दुई व्यक्तीहरुले बढ्दो तापक्रमबाट आफू प्रभावित भएको भन्दै लण्डनको उच्च अदालतमा मुद्दा दायर गरेका छन् । यस प्रकारको मुद्दा बेलायमतमा पहिलो हो । पृथ्वीका साथीहरू र सह-दावीकर्ताहरूले बढ्दो तापक्रम, बाढी वा तटीय क्षरणबाट जोगाउन बेलायतको राष्ट्रिय अनुकूलन कार्यक्रम अपर्याप्त र गैरकानूनी रहेको भन्दै अदालतसमक्ष तर्क गरेका छन् ।



"बेलायतको कानुनी इतिहासमा पहिलोपटक उच्च अदालतले जलवायु परिवर्तनलाई अनुकूल बनाउने सरकारको नीति वैधानिक छ कि छैन भनेर निर्धारण गर्नुपर्नेछ, जसमा हाम्रो पक्षको मानव अधिकार उल्लङ्घन भएको छ वा छैन भन्ने कुरा पनि समावेश रहेको छ", वकिल रोवान स्मिथले भन्नुभयो ।

"यो जलवायु परिवर्तन सम्बन्धी एक ऐतिहासिक घटना हो ।" सन् २०२३ को जुलाई देखि लागु भएको पछिल्लो राष्ट्रिय अनुकूलन कार्यक्रम (एनएपी३) प्रत्येक पाँच वर्षमा नवीकरण गर्नुपर्ने हुन्छ। यसले सरकारको जलवायु अनुकूलन लक्ष्यहरू साथै तिनीहरूलाई पूरा गर्ने र प्रभावित हुन सक्ने समुदायहरूको संरक्षण गर्ने योजना र नीतिहरू निर्धारण गर्दछ ।

> सरकारलाई सल्लाह दिने स्वतन्त्र जलवायु परिवर्तन समिति (सिसिसी) ले "आवश्यक भन्दा धेरै कम" रहेको चेतावनी दिँदै एनएपी३ लाई ढिलाइ नगरी तत्काल सुदृढ गर्न आह्वान गरेको थियो ।

दावीकर्ताका वकिलहरूले एनपी३ का नीतिहरु सन् २००८ को जलवायु परिवर्तन सम्बन्धी ऐनसँग बाझिएको दाबी गरेका छन् ।

यो ऐनले कार्बन डाइअक्साइड उत्सर्जन र अन्य ग्रीनहाउस ग्याँसहरूको कटौतीजस्ता विषयवस्तुलाई समावेश गरेको छ । यसले जलवायु परिवर्तनसम्बन्धी जोखिम सामना गर्न र प्रतिक्रिया दिन बेलायती दृष्टिकोण निर्माण गरेको छ ।

सरकारलाई सल्लाह दिने स्वतन्त्र जलवायु परिवर्तन समिति (सिसिसी) ले "आवश्यक भन्दा धेरै कम" रहेको चेतावनी दिँदै एनएपी३ लाई ढिलाइ नगरी तत्काल सुदृढ गर्न आह्वान गरेको थियो । मुद्दाका दुई सह-दावीकर्तामध्ये एक, ७१ वर्षीय केभिन जोर्डनले तटीय क्षरणका कारण पूर्वी इङ्गल्यान्डको नोरफोक तटमा रहेको आफ्नो समुद्री किनारको घर ध्वस्त भएको तर राज्यले कहिलेपनि क्षतिपूर्ति प्रदान नगरेको दावी गर्नुभएको छ ।

त्यस्तै अपाङ्गता अधिकारकर्मी डग पेली उत्तरी इङ्गल्यान्डको केयर होममा बस्दै आउनुभएको र तातो गर्मीले उहँको स्वास्थ्यलाई गम्भिर असर परेको दावी गर्नुभएको छ ।दुबैले एनएपी३ लाई "अपर्याप्त" भनेर वर्णन गर्दै र वृद्ध र अपाङ्गता भएका व्यक्तिजस्ता सीमान्तकृत समूहहरूको अधिकार उल्लङ्घन गर्ने बताउनुभएको छ

# हमासद्वारा प्यालेस्टिनी प्रतिद्वन्द्वीसँग 'राष्ट्रिय एकता' का लागि सम्झौता

एएफपी

बेइजिङ । हमासले मङ्गलबार बेइजिङमा फताहलगायत अन्य प्रतिद्वन्द्वी प्यालेस्टिनी सङ्ठनसँग "राष्ट्रिय एकता" का लागि मिलेर काम गर्ने सम्झौतामा हस्ताक्षर गरेको घोषणा गरेको छ ।

हमासका वरिष्ठ अधिकारी मुसा अबु मर्जुक, फताहका दूत महमुद अल-अलौल लगायत १२ प्यालीस्टीनी समुहको बेईजिङमा आयोजित भेटवार्तामा युद्धपछिको गाजालाई शासन गर्न "अन्तरिम राष्ट्रिय मेलमिलाप सरकार" गठन गर्न सहमत

बेइजिङमा मङ्गलबारको बैठकपछि, वाङले दुबै समूह "मेलमिलाप" गर्न प्रतिबद्ध रहेको बताउनुभयो । युद्धपछि गाजाको शासनका लागि राष्ट्रिय मेलमिलाप सरकार गठन सम्झौताको प्रमुख आकर्षण रहेको वाङले उल्लेख गर्नुभयो । मेलमिलाप प्यालेस्टिनीको आन्तरिक विषय भएपनि अन्तर्राष्ट्रिय समुदायको समर्थन बिना सम्झौता हुन नसक्ने र मध्यपूर्वमा शान्ति र स्थिरताको रक्षा गर्न रचनात्मक भूमिका खेल्न चीन इच्छुक रहेको वाङले बताउनु भयो ।



भएको चिनियाँ विदेशमन्त्री वाङ्ग यीले बताउनु भयो ।

अबु मर्जुकले वाङ्ग लगायतका अधिकारीहरूसँगको भेटमा राष्ट्रिय एकताको सम्झौतामा हस्ताक्षर गर्दै राष्ट्रिय एकताका लागि अघि बढ्ने प्रतिबद्धता जनाउनु भएको छ । गाजापट्टीमा शासन गर्ने हमास र कब्जा गरिएको वेस्ट बैंकलाई आंशिक रूपमा शासन गर्ने फताह बीचको तीव्र प्रतिस्पर्धाका कारण अझ जटिल बनेको द्वन्द्वमा चीनले मध्यस्थताको भूमिका खेल्न खोजेको छ ।इजरायलले हमासलाई नष्ट नगरेसम्म लडाइँ जारी राख्ने वाचा गरेको छ ।

बेइजिङले "स्थायी र दिगो युद्धविराम" सहित प्यालेस्टिनी स्वशासन प्रवर्द्धन गर्ने प्रयास तथा संयुक्त राष्ट्रमा प्यालेस्टिनको पूर्ण मान्यताका लागि आह्वान गरेको वाङले उल्लेख गर्नुभयो ।

सन् २००६ को चुनावमा हमासको विजयपछि भएको घातक झडपपछि हमासका लडाकुहरूले गाजापट्टीबाट फताहलाई निष्कासन दुई समुहबीच सम्बन्ध बिग्रीएको हो ।फताहले प्यालेस्टिनी प्राधिकरणलाई नियन्त्रण गरी इजरायली कब्जाको वेस्ट बैंक्मा आंशिक प्रशासनिक नियन्त्रण गर्दै आएको छ ।

# रुसी भलिबल खेलाडीसँग प्रधानमन्त्री ओलीका भावनात्मक कुरा...




काठमाण्डु । "मेरो दोस्रोपटक मिर्गौला प्रत्यारोपण गर्ने चिकित्सक रुसमा पढेका र रुसका ज्वाइँ हुनुहुन्छ । अहिले म स्वस्थ छु । यसले पनि देखाउँछ कि रुसबाट पढेर आएकाहरु कति सक्षम हुन्छन् भन्ने," रुसी महिला भलिबल टोलीसँग मंगलबार प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा प्रधानमन्त्री ओलीले आफ्ना भावनात्मक कुराहरु पोख्दै भन्नुभयो, "नेपाल र रुस दुई पुराना मित्रहरु हुन् । हाम्रा सम्बन्धका अनेक आयाम छन् ।

रुसले नेपालको शिक्षा, यातायातलगायत विविध क्षेत्रमा सोभियत सङ्घ हुँदादेखि नै सहयोग गर्दै आएको छ । दुई देशबीचका हाम्रा सम्बन्धलाई अझ पुनःताजगीकरण गराउन हामी लाग्नेछौँ । प्रधानमन्त्री ओलीको २०७६ फागुन २१ गते प्राडा प्रेम ज्ञवाली नेतृत्वको चिकित्सक टोलीबाट त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा दोस्रोपटक मिर्गौला प्रत्यारोपण भएको थियो ।

सो अवसरमा प्रधानमन्त्री ओलीले पारस्परिक लाभ र सम्मानका आधारमा नेपाल र रुसबीचको पुरानो सम्बन्धलाई पुनःताजगीकरण गर्नुपर्ने बताउनुभयो ।भेटका क्रममा प्रधानमन्त्री ओलीले दुई देशबीच सोभियत सङ्घ हुँदादेखि नै रुसबाट नेपालले विभिन्न क्षेत्रमा सहयोग पाउँदै आएको उल्लेख गर्दै खेलका लागि रुस एक प्रकारको बादशाह नै भएको बताउनुभयो । दुई देशका भलिबल टोलीबीच मैत्रीपूर्ण खेल हुनुलाई सकारात्मक रुपमा लिँदै प्रधानमन्त्री ओलीले यस्ता खेलका साथै रुसको ग्रेट मस्को सर्कस र नेपालको मौलिक नृत्य, अर्केष्ट्रा संस्कृतिको आदानप्रदानमा अर्थपूर्ण निरन्तरता हुनुपर्नेमा जोड दिनुभयो ।

रुसलाई उपनिवेशबाट मुक्त गर्न तथा हिटलरको तानाशाही शासनका विरुद्धको स्वतन्त्रताको लडाइँका लागि भ्यादिमिर लेनिनले गर्नुभएको नेतृत्वदायी भूमिकाको प्रशंसा गर्दै प्रधानमन्त्री ओलीले आफूलाई दोस्रो पटक मिर्गौला प्रत्यारोपण गर्ने चिकित्सक रुसमा पढेका र रुसका ज्वाइँ पनि भएकाले दुई देशबीचको सम्बन्धका अनेक आयामहरु रहेको चर्चा गर्नुभयो । प्रधानमन्त्री ओलीले नेपाल बसाइका क्रममा रुसका भलिबल टोलीलाई अनुकूल भएमा 'माउन्टेन फ्ल्याइट' गर्न सुझाव दिनुभयो ।सो अवसरमा नेपालका लागि रुसी राजदूतावासका प्रथम सचिवले प्रधानमन्त्री ओलीलाई कार्यकाल सफलताको कामना गर्दै प्रधानमन्त्री ओलीको नेतृत्वमा दुई देशबीचको राजनीतिक, आर्थिक, सामाजिक र खेलकुदलगायत क्षेत्रका सम्बन्ध अभिवृद्धि हुने विश्वास व्यक्त गर्नुभयो ।

सङ्घले आगामी २०८२ जेठ ८ मा पर्यटन वृद्धिमा समेत योगदान दिने लक्ष्यका साथ सगरमाथा आधार शिविरमा राष्ट्रिय भलिबल दिवस मनाउन तयारी गरेकाले त्यसमा नेपाल सरकारबाट सहयोगको अपेक्षा गरेको थियो । महासचिव श्रेष्ठले नेपालमा अन्तर र्राष्ट्रियस्तरको कभर्ड हल निर्माणका लागि आग्रह गर्दा प्रधानमन्त्रीले ओलीले निर्माण गर्न पहल गर्ने बताउनुभएको थियो ।सो अवसरमा गैह्रआवासीय नेपाली सङ्घ, अन्तर्राष्ट्रिय समितिका संस्थापक अध्यक्ष डा उपेन्द्र महतो, नेपाल भलिबल सङ्घका अध्यक्ष जितेन्द्रबहादुर चन्द, महासचिव रोशन श्रेष्ठलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# गाजामा पोलियो र अन्य प्रकोपको सम्भावनाप्रति डब्लुएचओ 'अत्यन्त चिन्तित'

एएफपी

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) का एक शीर्ष अधिकारीले मङ्गलबार युद्धग्रस्त गाजाको ढलमा सम्भावित पोलियोभाइरस फेला परेपछि सम्भावित प्रकोपलाई लिएर 'अत्यन्त चिन्तित' भएको बताउनुभएको छ । उहाँले पोलियो जस्तो सरुवा रोगले चोटपटकभन्दा बढी मृत्यु हुनसक्ने चेतावनी दिनुभयो ।



ग्लोबल पोलियो प्रयोगशाला नेटवर्कले जुन २३ मा गाजा पट्टीमा ढलबाट सङ्कलन गरिएका छ वटा वातावरणीय नमूनामा खोपबाट व्युत्पन्न टाइप-२ पोलियोभाइरस फेला पारेको राष्ट्रसङ्घीय ऐजेन्सी डब्लुएचओले गत साता बताएको थियो ।

कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रहरूमा डब्लुएचओका स्वास्थ्य आपत्कालीन प्रमुख अयादिल सपरबेकोभले भन्नुभयो, "हामीले अहिलेसम्म मानव नमूना सङ्कलन गरेका छैनौं, त्यसैले कोही भाइरसबाट सङ्क्रमित भएको छ वा छैन भन्ने अस्पष्ट छ ।"तर उहाँले जेरुसेलमबाट भिडियो-लिङ्कमार्फत जेनेभामा पत्रकारहरूसँग भन्नुभयो, "म अत्यन्त चिन्तित छु ।"

पोलियो मानिसहरूलाई सम्भावितरूपमा अशक्त बनाउने र विशेषगरी पाँच वर्षभन्दा कम उमेरका बालबालिकालाई असर गर्ने घातक भाइरल रोग हो । पोलियोविरुद्धको एक प्रकारको खोपमा थोरैमात्रामा कमजोर तर जीवित पोलियो हुन्छ र यो कहिलेकाहीँ प्रकोपको कारण बन्न सक्छ । मौखिक पोलियो खोप (ओपिभी) आन्द्रामा प्रतिकृति बनाउँछ र मल-दूषित पानीको माध्यमबाट अन्यसम्म पुग्न सक्छ । यसको अर्थ खोप लगाएका बालबालिकालाई यसले हानि पुर्याउँदैन तर सरसफाइ र खोपको स्तर कम भएको स्थानमा यसले सङ्क्रमित गर्न सक्छ ।

महामारी विज्ञान अध्ययन तथा जोखिम मूल्याङ्कन जारी रहँदा सपरबेकोभले गाजामा कुनै पनि रोग फैलिने सम्भावनप्रति गहिर ेरूपमा चिन्तित रहेको बताउनुभयो । इजराइलभित्र अक्टोबर ७ मा हमासको घातक आक्रमणपछि नौ महिनाभन्दा लामो युद्धपछि गाजाले विशाल मानवीय सङ्कटको सामना गरिरहेको छ । "म गाजामा भइरहेका प्रकोपहरूबाट अत्यन्त चिन्तित छु", गत वर्षको अन्त्यमा हेपाटाइटिस ए फैलिएको पुष्टिलाई औंल्याउँदै उहाँले भन्नुभयो, "र अब हामीलाई पोलियो हुनसक्छ ।"

"अपाङ्ग स्वास्थ्य प्रणाली, पानी र सरसफाइको कमीका साथै स्वास्थ्य सेवामा जनताको पहुँचको अभावले यो धेरै खराब अवस्था बन्नेछ", उहाँले चेतावनी दिँदै भन्नुभयो, "हामीमा चोटपटकसम्बन्धी रोगहरूको तुलनामा विभिन्न प्रकारका सरुवा रोगबाट धेरै मानिस मरेका हुनसक्छन् ।"सपरबेकोभले मङ्गलबार गाजामा डरलाग्दो अवस्थाको वर्णन गर्नुभयो । उहाँका अनुसार गाजामा ३६ अस्पतालमध्ये १६ वटाले मात्र आंशिकरूमा काम गरिरहेका छन् । डब्लुएचओले लामो समयदेखि गम्भीर रूपमा बिरामी र घाइतेहरूका लागि गाजाबाट चिकित्सा निकासीको तत्काल आश्यकतामा जोड दिएको छ ।

# नेपालको यात्रा सेमिफाइनलमै रोकियो

काठमाण्डु । काभा यु-२० महिला भलिबल च्याम्पियनसिपको सेमिफाइनलमा नेपाल कीर्गिस्तानसँग पराजित भएको छ । माल्दिभ्सको मालेमा गए राति सम्पन्न खेलमा कीर्गिस्तानसँग नेपाल ३-० को सोझो सेटमा पराजित भएको हो । नेपालले पहिलो सेट १४-२५, दोस्रो सेट २२-२५ र तेस्रो सेट १३-२५ ले गुमायो ।




लिग चरणबाट कीर्गिस्तान दोस्रो र नेपाल तेस्रो स्थानमा रहेर सेमिफाइनल पुगेका थिए । लिग चरणमा पनि नेपाल कीर्गिस्तानसँग ३-० कै सोझो सेटमा पराजित भएको थियो ।

अब नेपालले तेस्रो स्थानका लागि मंगलबारै माल्दिभ्सको सामना गर्नेछ । फाइनलमा भने कीर्गिस्तान र श्रीलङ्का भिड्नेछन् । पहिलो सेमिफाइनल खेलमा श्रीलङ्काले माल्दिभ्सविरुद्ध ३-० को सोझो सेटमा जित निकाल्दै फाइनल प्रवेश गरेको थियो ।रासस

# मानव बेचबिखनबाट बालबालिकालाई जोगाउने प्रयासमा जोड

सिन्हवा

संयुक्त राष्ट ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले जुलाई ३० मा मनाइने अन्तराष्ट्रिय मानव बेचबिखन विरुद्धको दिवसका अवसरमा सन्देश जारी गर्दै बालबालिकालाई मानव बेचबिखनबाट जोगाउने प्रयासलाई थप सुदृढ गर्न आह्वान गर्नुभएको छ ।



"मानव बेचबिखन एउटा डरलाग्दो अपराध हो । यस वर्षको अन्तर्राष्ट्रिय मानव बेचबिखन विरुद्धको दिवसमा हामीमध्ये सबैभन्दा कमजोर-बालबालिकाको सुरक्षामा विशेष ध्यान केन्द्रित गरौं", गुटेरेसले भन्नुभयो । मानव बेचबिखनका पीडितरुमध्ये एक तिहाइ बालबालिकाहरू रहेका छन् । उनीहरुले श्रम शोषण, दुलहीको रूपमा बेचिने, सिपाहीको रूपमा भर्ती हुने वा आपराधिक गतिविधिमा संलग्न हुन बाध्य पारिने जस्ता अकथनीय दुर्व्यवहार भोग्दै आएका छन्",उहाँले भन्नुभयो ।

बढ्दो असमानता र भूमण्डलीकरणले जटिल तस्करीको सञ्जाललाई बढावा दिएको छ जसले परम्परागत कानुनी ढाँचालाई चुनौती दिन्छ र दासत्वका नयाँ रूप सिर्जना गर्दछ । संयुक्त राष्ट्रसङ्घका प्रमुखले औंल्याउनुभयो, "अनलाइन सञ्जालका कारण पनि बालबालिकाहरु यौन शोषण र लैङ्गिक हिंसाको सिकार भइरहेका र यसले तस्करी गर्ने दलालहरुलाई सीमापारबाट पीडितहरूको शोषण गर्ने माध्यम दिएको छ ।"

यस्ता अपराधका शारीरिक र मनोवैज्ञानिक चोटहरु लामो समयसम्म रहिरहँदा उनीहरूको निर्दोषता, भविष्य र मौलिक हक लुटिएको उल्लेख गर्दै गुटेरेसले भन्नुभयो "हामीले बाल-संवेदनशील न्याय संयन्त्र निर्माण गर्ने, चेतना जगाउने,पीडित व्यक्तिहरूको हेरचाह गर्ने र कमजोर परिवारहरूलाई सहयोग गरेर शोषणका मूल कारणलाई निर्मुल गर्ने सुरक्षा प्रतिक्रियालाई बलियो बनाउनुपर्छ।"

संयुक्त राष्ट्रसङ्घका प्रमुखले कुनै पनि बच्चा पीडित नहोस् र कुनै पनि तस्करी कानुनको दायराबाट उम्किन नपाओस भन्दै सरकार, नागरिक समाज र प्राविधिक कम्पनीहरूसहित निजी क्षेत्रलाई आफ्ना प्रयास र सहकार्यलाई तीव्र बनाउन आह्वान गर्नुभयो । "आजको दिनमा हरेक बालबालिकाको सुरक्षित र स्वतन्त्र भविष्यका लागि हाम्रो प्रतिबद्धता व्यक्त गरौं", उहाँले भन्नुभयो ।

# बेलायतमा महिला विरुद्धको हिंसा 'राष्ट्रिय आपतकाल'

एएफपी

लण्डन । इङ्गल्यान्ड र वेल्समा दैनिक लगभग तीन हजार महिला हिंसाका अपराधहरू दर्ता भएसँगै यो एक "राष्ट्रिय आपतकाल" भएको मङ्गलबार प्रकाशित गरेको नयाँ प्रतिवेदनमार्फत प्रहरीले जनाएको छ ।



दुई कानून प्रवर्तन निकायद्वारा गरिएको अध्ययनले प्रत्येक वर्ष १२ जना महिलामध्ये कम्तिमा एक जना महिला हिंसाको सिकार हुने अनुमान गरेको छ । "महिला र बालिका विरुद्धको हिंसा राष्ट्रिय आपतकाल हो", वरिष्ठ प्रहरी प्रमुख म्यागी ब्लिथले प्रतिवेदनसँगको टिप्पणीमा भन्नुभयो । सन् २०२२ देखि २०२३ सम्ममा महिला र बालिका विरुद्ध दश लाखभन्दा बढी हिंसात्मक अपराध प्रहरीमा दर्ता भएको अध्ययनले जनाएको छ ।

प्रतिवेदनले सन् २०१८-२०१९ देखी गत वर्षसम्म महिला र बालिका विरुद्धको हिंसामा ३७ प्रतिशतले वृद्धि भएको जनाएको छ । सन् २०१३ देखी सन् २०२२ को बीचमा बाल यौन दुर्व्यवहार र शोषणका अपराधहरू ४३५ प्रतिशतले बढेको प्रतिवेदनले जनाएको छ । प्रतिवेदनले ८५ प्रतिशत हिंसा र उत्पीडन अनलाइनसँग सम्बन्धित रहेको बताएको छ ।

बेलायतको आन्तरिक मामिला मन्त्रालयले गत वर्ष फेब्रुअरीमा महिला र बालिका विरुद्धको हिंसालाई सार्वजनिक सुरक्षाका लागि राष्ट्रिय खतरा घोषणा गरेको थियो । गत वर्ष ४ हजार ५०० भन्दा बढी नयाँ अधिकारीहरूलाई बलात्कार र गम्भीर यौन अपराधहरूको अनुसन्धान गर्न प्रशिक्षण दिइएको थियो । सन् २०२२ डिसेम्बर को अन्त्यदेखि २०२३ डिसेम्बरको अन्त्यसम्म वयस्क बलात्कारको आरोपमा ३८ प्रतिशतले वृद्धि भएको प्रतिवेदनले जनाएको छ ।

# एसटीएलआरपीलाई पाटा गोल्ड अवार्ड



काठमाण्डु । नेपाल पर्यटन बोर्ड तथा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (यूएनडीपी) सँगको सहकार्यमा सञ्चालित जीविकोपार्जन पुनःउत्थानका लागि दिगो पर्यटन परियोजना (एसटीएलआरपी)ले तेस्रो पटक प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) गोल्ड अवार्ड प्राप्त गरेको छ।

परियोजनाले समुदायमा आधारित पर्यटनमा २०२४ का लागि पाटा गोल्ड अवार्ड प्राप्त गरेको बोर्डद्वारा जारी विज्ञप्तिमार्फत जनाइएको छ। परियोजनाले नेपालका सात प्रदेश ५८ जिल्ला तथा ८५ वटा नगर/गाउँ पालिकासँगको सहलगानीमा विभिन्न स्थानमा पर्यटकीय गन्तव्य निर्माण गरी पर्यटन रोजगारीका अवसर सिर्जना र दिगो पर्यटन विकासमा क्षमता अभिवृद्धि गरेकोले यो अवार्ड प्राप्त गरेको हो।

यसअघि सन् २०२२ र २०२३ मा पनि एसटीएलआरपी परियोजनाले (पाटा) गोल्ड अवार्ड प्राप्त गरेको थियो। एसटीएलआरपीले पर्यटनका माध्यमबाट महिला सशक्तिकरणमा गरेको पहलकदमी, दिगोपन तथा सामाजिक उत्तरदायित्वका लागि २०२३ मा पाटा गोल्ड अवार्ड र २०२२ मा 'टुरिजम डेस्टिनेसन रेसिलेन्सी' विधाअन्तर्गत पाटा गोल्ड अवार्ड प्राप्त गरेको थियो।

निरन्तर पाटा अवार्ड प्राप्त गर्नुले परियोजनाले गरिरहेको कामले पर्यटन क्षेत्रमा राम्रो योगदान गरेकाले मूल्याङ्कन स्वरुप अवार्ड प्राप्त भएको र यसबाट प्रोत्साहन मिलेको बोर्डका निमित्त कार्यकारी प्रमुख नन्दिनी लाहे थापाले बताउनुभयो।परियोजनाअन्तर्गत कोभिड-१९ पछि करिब १० हजार पर्यटन मजदुरलाई अल्पकालीन रोजगारी सिर्जना तथा चार हजारलाई क्षमता अभिवृद्धिको तालिम प्रदान गरिएको थियो।

साथै सातै प्रदेशका विभिन्न पालिकामा पर्यटकीय गन्तव्य निर्माण गरिएकाले बोर्डका प्रबन्धक तथा राष्ट्रिय कार्यक्रम संयोजक श्रद्धा श्रेष्ठले जानकारी दिनुभयो।

परियोजनाका निमित्त प्रबन्धक धर्म दवाडीका अनुसार यस अवधिमा परियोजनाले महिलाका लागि 'रिभर गाइड', यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकका लागि 'ट्रेकिङ गाइड' तथा सातै प्रदेशका एक सय ५० पालिकाहरुका लागि पर्यटन रणनीति निर्माण गरिएको छ। साथै एक सय ३० वटा विद्यालयमा राष्ट्रिय दिगो पर्यटन क्लब पनि गठन गरिएको थियो।रासस

## कृष्णनगर विद्युत् केन्द्रद्वारा एक अर्ब २८ करोड राजस्व सङ्कलन

कृष्णनगर । नेपाल विद्युत् प्राधिकरण कृष्णनगर वितरण केन्द्रले आर्थिक वर्ष २०८०/८१ मा रु एक अर्ब २८ करोड ७९ लाख ५१ हजार सात सय ९२ रुपैयाँ ६५ पैसा राजस्व सङ्कलन गरेको छ। वितरण केन्द्रका प्रमुख सुशील पौडेलका अनुसार गत आवको तुलनामा ३७ दशमलव ८६ प्रतिशत बढी राजस्व सङ्कलन गरेको हो।

कृष्णनगर वितरण केन्द्रका प्रमुख सुशील पौडेलले भन्नुभयो, "आव २०७९/८० मा कृष्णनगर वितरण केन्द्रले रु ९३ करोड ४२ लाख २३ हजार आठ सय ५१ रुपैयाँ २५ पैसा सङ्कलन गरेको थियो ।" गत आवमा नेपाल विद्युत् प्राधिकरण कृष्णनगर वितरण केन्द्रमार्फत १३ करोड ९३ लाख ७३ हजार पाँच सय ३७ युनिट खपत भएको केन्द्र प्रमुख पौडेलले जानकारी दिनुभयो। आव ०७९/८० मा नौ करोड ९२ लाख ४३ हजार दुई सय ८६ युनिट खपत भएको थियो। गतवर्षको तुलनामा ४० दशमलव ०५ प्रतिशत खपत वृद्धि भएको कृष्णनगर वितरण केन्द्रले जनाएको छ।

प्राधिकरणले ४५ दिनको लक्ष्य लिए पनि ४१ दिनमा लक्ष्य अनुसार राजस्व सङ्कलन गर्न सफल भएको हो। हुकिङमार्फत विद्युत् चोरी गर्ने ५४ जनालाई कारबाही गरी रु आठ लाख १९ हजार सात सय २२ रुपैयाँ ५४ पैसा सङ्कलन गरेको छ।

कालोसूचीमा परेका ६१ ग्राहकबाट रु ४७ लाख ७९ हजार ९६ रुपैयाँ ३१ पैसा, मिटरबाट सिधा विद्युत् चोरी गर्ने १० जनामार्फत रु दुई लाख ४४ हजार चार सय ४१ रुपैयाँ ९६ पैसा जरिवाना रकम लिइएको प्राधिकरणले जनाएको छ । प्राधिकरणले 'डिमान्ड' चुहावटमा परेका ८२ जनामार्फत रु तीन लाख तीन हजार नौ सय ५३, बन्दी मिटरबाट रु चार लाख २९ हजार चार सय ७५ रुपैया ५४ पैसा असुल गरेको छ। रासस

### अर्थमन्त्रीलाई कर्मचारीको ब्रिफिङः

# अर्थतन्त्रका ४६ चुनौती सामना गर्न २९ क्षेत्रमा सुधार आवश्यक

काठमाण्डु । मुलुकको अर्थतन्त्रका देखिएका चुनौती र समाधानका उपायबारे अर्थमन्त्रालयका कर्मचारीहरुले अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई 'ब्रिफिङ' गरेका छन्। मन्त्रालयले मंगलबार प्रेस नोट जारी गर्दै विभिन्न चुनौती पहिचान भएका र ती चुनौती समाधानका लागि चाल्नुपर्ने कमदबारे पनि अर्थमन्त्री पौडेललाई जानकारी गराइएको उल्लेख गरेको छ।

"अर्थमन्त्रालयका नजरमा नेपालको अर्थतन्त्रमा विशेष गरी ४६ वटा चुनौती छन्। ती चुनौतीलाई सामना गर्न २९ वटा क्षेत्रमा कदम चाल्न जरुरी छ", मन्त्रालयको प्रेस नोटमा भनिएको छ, "अर्थतन्त्रमा देखा परेका चुनौती र तिनलाई सामना गर्ने उपायसम्बन्धी अर्थमन्त्रालयका सचिव र सहसचिवले उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई ब्रिफिङ गरिसकेका छन्। उपप्रधान तथा अर्थमन्त्री पौडेलले समस्या र चुनौतीहरुको प्राथमिकीकरण गरी समाधान गर्दै अघि बढ्ने बताउनु भएको छ।"



**मन्त्रालयले पहिचान गरेका चुनौती**

विद्यमान अर्थतन्त्रमा विभिन्न ४६ वटा चुनौती रहेको मन्त्रालयले जनाएको छ। साधन-स्रोत उपलब्धताको अनुपातमा आर्थिक क्षेत्रको वृद्धि कम हुनु, बचत, उपभोग र लगानी वृद्धि दर न्यून रहनु, वित्तीय क्षेत्रको साधन स्रोत पर्याप्त मात्रामा उत्पादनमूलक क्षेत्रमा लगानी हुन नसक्नु, आयात/निर्यात अनुपात उच्च रहनुलगायतका चुनौती पहिचान भएका हुन्। त्यस्तै, आर्थिक वृद्धि अस्थिर एवम् न्यून रहेको, बढ्दो लगानी आवश्यकता र न्यून कुल ग्राहस्थ्य बचत रहेको, औसत पुँजी प्रतिफल अनुपात तुलनात्मकरुपमा उच्च रहेको, तीव्र आन्तरिक बसाइँसराइँका कारण हिमाली, पहाडी एवम् ग्रामीण क्षेत्रको जनसङ्ख्या घट्दो क्रममा रहेको मन्त्रालयले जनाएको छ।

आर्थिक वृद्धिमा उत्पादनशील क्षेत्रको योगदान कमजोर रहेको, अर्थतन्त्रको संरचनागत चुनौती, न्यून कुल ग्राहस्थ्य बचतः कुल ग्राहस्थ्य उत्पादनको औसत १० प्रतिशतभन्दा कम हुनु, न्यून दरको आर्थिक वृद्धि, न्यून उत्पादकत्व, औद्योगिक क्षेत्रको योगदान घट्दै गएकोलगायतका विषयलाई पनि मन्त्रालयले अर्थतन्त्रका विद्यमान समस्याका रुपमा पहिचान गरेको छ। त्यस्तै, आयातमा आधारित राजस्व व्यवस्था हुनु, कमजोर निकासी र बढ्दो व्यापार घाटा, राजस्व र खर्चको वृद्धि अझै न्यून रहनु, पुँजीगत खर्चको प्रभावकारिता न्यून रहनु, पर्याप्त तयारी बिना बजेट प्रस्ताव गर्ने प्रवृत्ति, ऋणको मात्रा बढ्दै जानु, भुक्तानी दायित्व उच्च रहनुलाई समस्याका रुपमा देखाइएको छ।

विकास पूर्वाधारमा लगानीको लागि वित्त बचत (फिस्कल स्पेस) न्यून रहनु, राजस्व परिचालन अनुमानयोग्य हुन नसक्नु र लक्ष्य बमोजिम राजस्व असुली हुने नसक्नु, आयातमा आधारित राजस्व उच्च रहेको हुँदा राजस्व परिचालनलाई दिगो बनाउनु चुनौती रहनु, संस्थानमा ऋण लगानीको प्रतिफल कमजोर रहनु समस्या भएको मन्त्रालयको भनाइ छ। त्यसैगरी खर्च र आम्दानीबीचको अन्तर बढ्दै जानु, सामाजिक सुरक्षातर्फको खर्च बढ्दै जानु, वैदेशिक ऋणको प्रभावकारी उपयोग हुन नसक्नु, आयोजना/परियोजना तोकिएको समयमा सम्पन्न नहुँदा लागत प्रभावकारी हुन नसक्नुलगायत विषय समस्याका रुपमा पहिचान भएको मन्त्रालयले जनाएको छ।

मन्त्रालयले सार्वजनिक खर्च व्यवस्थापनतर्फ आयोजनाको अत्यधिक सङ्ख्या र सिर्जना भएको दायित्व व्यवस्थापन, बहुवर्षीय ठेक्काको स्रोत व्यवस्थापन, गैर-बजेटरी मागलाई निरुत्साहित गर्ने, अनिवार्य दायित्वको बजेट बढ्नु, अनावश्यक देखिएका संरचना खारेज हुन नसकेको, वैदेशिक सहायताको उपयोग क्षमता कमजोर रहेको, सङ्घीय सञ्चित कोष ऋणात्मक तर प्रदेश र स्थानीय तहका कोषहरु बचतमा रहने गरेकोलगायतका विषय अर्थमन्त्रालयले उजागर गरेको छ।त्यस्तै, वित्तीय हस्तान्तरणमा कमी हुँदै जानुलाई पनि चुनौतीका रुपमा पहिचान गरिएको छ। राजस्व सङ्कलन अपेक्षित नहुँदा प्रदेश र स्थानीय तहमा कम मात्र हस्तान्तरण हुने परिस्थिति रहेको, समपुरक र विशेष अनुदानतर्फ बर्सेनि आयोजना थप भई असीमित दायित्व सिर्जना भएको मन्त्रालयको भनाइ छ।

त्यस्तै, बैंकिङ क्षेत्रतर्फ पहिचान भएका समस्यामा कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्न नसकिएको, कर्जाको गुणस्तर बढाउने र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्ने चुनौती रहेको, वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणहरुमा लचकता कायम गर्न नसकिएको, वित्तीय क्षेत्रको नियमन प्रभावकारी हुन नसकेको, वित्तीय सहकारीको नियमन फितलो रहेकोलगायत छन्।बाह्य क्षेत्रतर्फ कमजोर निकासीको आधार एवम् उच्च व्यापार घाटा, चालु खाता घाटा, भ्रमण आयभन्दा भ्रमण खर्च उच्च रहेको, विदेशी लगानी आप्रवाह अत्यन्त कमजोर रहेको, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउन नसकिएकोलगायत समस्या पहिचान गरिएको छ।

**आगामी कार्यदिशा**

अर्थ मन्त्रालयले पहिचान गरेका अर्थतन्त्रका ४६ चुनौती सामना गर्न २९ क्षेत्रमा सुधार आवश्यक रहेको र सोहीअनुरुप आगामी कार्यदिशा तय गर्नुपर्ने देखिएको पनि जनाएको छ।अहिले घटेको बजारको माग बढाउन सार्वजनिक खर्चलाई औचित्यपूर्ण र थप प्रभावकारी बनाउने गरी प्राथमिकीकरण गर्ने, पुँजीगत खर्च क्षमता अभिवृद्धि गर्ने, वित्त सुदृढीकरणमा जोड दिने, उत्पादनमा आधारित राजस्वमा जोड दिने, ऋणको प्रभावकारी उपयोग गर्ने, वित्त जोखिम कम गर्ने, लगानीको वातावरण निर्माण गरी आर्थिक वृद्धिलाई गति दिने, उत्पादनशील क्षेत्रमा लगानी बढाउनेलगायत सुझाव दिइएको छ।

त्यस्तै, प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउन यसका बाधा पहिचान गरी सुधार गर्ने, जलविद्युत् उत्पादन र प्रसारणलाइन विस्तारमा जोड दिने, गुणस्तरीय सडक सञ्जाल निर्माण गर्ने, ग्रामीण सडक सञ्जाललाई कृषि उत्पादन र बजारीकरणसँग आबद्ध गर्ने, पुँजीगत खर्चको प्रभावकारिता बढाई आर्थिक वृद्धिमा सहयोग पुऱ्याउने, प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्दै सरकारी लगानीलाई आर्थिक पूर्वाधारमा केन्द्रित गर्ने, बहुवर्षीय ठेक्काको सहमति दिइएका आयोजनाको स्रोत व्यवस्थापन गर्ने, वैदेशिक अनुदान र सहुलीयतपूर्ण ऋणलाई राष्ट्रिय प्राथमिकताका क्षेत्रमा परिचालन गर्ने, जलवायुसँग सम्बन्धित कोषहरुको परिचालनमा जोड दिनेलगायत कार्यदिशा अबलम्बन गर्नुपर्ने देखिएको मन्त्रालयले जनाएको छ।

त्यसैगरी सरकारको सञ्चित कोषलाई सन्तुलित अवस्थामा राख्ने, गैरबजेटरी मागलाई निरुत्साहित गर्ने, कर्जा प्रवाहलाई उत्पादनमूलक क्षेत्रमा निर्देशित गर्ने, कर्जाको गुणस्तर बढाउने र बढ्न थालेको खराब कर्जालाई नियन्त्रणमा राख्नुपर्ने उल्लेख छ। साना तथा मझौला उत्पादनमूलक व्यवसायलाई परियोजनामा आधारित कर्जा उपलब्ध गराउने, वित्तीय क्षेत्रमा स्थायित्व कायम गर्दै वित्तीय साधनको लागत घटाउने गरी मौद्रिक उपकरणमा लचकता कायम गर्ने, वित्तीय क्षेत्रको नियमनलाई प्रभावकारी बनाउने, वित्तीय सहकारीको नियमन गर्न दोस्रो तहको नियामक संयन्त्र निर्माण गर्ने कार्यदिशा अबलम्बन गरिनुपर्ने पनि मन्त्रालयले जनाएको छ।

व्यापारघाटा नियन्त्रण गर्नेसम्बन्धी रणनीतिको कार्यान्वयनमा जोड दिने, विदेशी लगानी आप्रवाह बढाउन नीतिगत र कानूनी सुधार गर्ने, सम्झौता भएका सहुलीयतपूर्ण विदेशी ऋण र अनुदानलाई प्राथमिकताका क्षेत्रमा अधिकतम परिचालन गर्ने तथा सर्तहरुमा सुधार गर्ने, वैदेशिक रोजगारीलाई थप प्रतिफलमुखी बनाउने, युवाहरुलाई स्वदेशमा रोजगारीका अवसर सिर्जना गर्ने, विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्नेलगायतका सुधारका प्रयास थालिनुपर्ने अर्थ मन्त्रालयको निचोड छ।रासस


**गढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**समनपुर, रौतहट**
**मधेश प्रदेश**

**शिलबन्दी बोलपत्र अह्वान गरिएको सुचना**

प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०९

यस नगरपालिकाबाट आ. व. २०८१/०८२ तथा उल्लेखित अवधिका लागि स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ६२ को उपदफा २ (ग) बमोजिम नियमानुसारको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्मा वा कम्पनीहरुले यस न.पा. बाट बोलपत्र फारम खरिद गरी बोलपत्र पेश गर्नका लागि सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

| सि. न. | ठेक्का नं. | ठेक्काको नाम | न्युनतम कबोल अंक | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १. | १/२०८१/०८२ | समपुर बजार ठेक्का | ५०००००।- | १०००।- | ७ दिने |
| २. | २/२०८१/०८२ | मलाही टोल बजार ठेक्का | ३०००००।- | १०००।- | ७ दिने |
| ३. | ३/२०८१/०८२ | समपुर देखि मदनपुरम्म माछा ठेक्का | १०००००।- | १०००।- | ७ दिने |
| ४. | ४/२०८१/०८२ | लक्ष्मीपुर देखि धर्मपुरसम्म माछा ठेक्का | १०००००।- | १०००।- | ७ दिने |

**शर्तहरूः**

१) प्रथम पटक प्रकाशित मितिले बोलपत्र फारम भरी ठ औ दिनसम्म कार्यालय समयभित्र निवेदनसाथ नविकरण भएको ईजाजत पत्र, मुल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र प्रतिलिपि, आ.व. २०८०/०८१ सम्मको करचुक्ता प्रमाणपत्र प्रतिलिपि, नागरिक्ताको प्रमाणपत्र प्रतिलिपि, बोलपत्र फारम दस्तुर बुझाएको नगदी रसिद सहित बोलपत्र फारम खरिद गरी सक्नुपर्नेछ।
२) बोलपत्र दाखिला गर्दा बोलपत्र जमानत (Bid Securty) धरौटी बापतको रकम बोल कबोल अंकको छ प्रतिशत रकम यस ग्लोवल आई.एम.ई. बैंक लि. समनपुर शाखा कार्यालयको धरौटी खाता नं. ग.घ स्थानिय तथा धरौटी खाता 35504010000004 मा रकम जम्मा गरिएको सक्कलै भौचर वा १२० दिनको म्याद भएको बैङ्क ग्यारेन्टी गोप्य शिलबन्दी बोलपत्र फारमसंग पेश गर्नुपर्ने छ।
३) कबोल अंकको १३ प्रतिशत मुल्य अभिवृद्धि कर समेत ठेक्केदार स्वयंमले यस न.पा. को ग्लोवल बैंक लि समनपुरमा रहेको धरौटी खाता नं. ग.घ मा रकम जम्मा गरेको छुटै सक्कलै भौचर पेश गर्नुपर्ने छ।
४) साकार गरेको रकम आन्तरिक आय खातामा जम्मा गरी सम्झौताको लागि पेश गर्नुपर्ने छ। एकमुष्ट बुझाएकमा 10 प्रतिशत छुट समेत दिइनेछ।
५) दररेट शर्तहरुलाई पालना गर्नेगरी रीतपुर्वक गरी शिलबन्दी फारम ड औ दिनको १२:०० बजेसम्म यस न.पा. मा दर्ता गरी सक्नु पर्नेछ।
६) बोलपत्र फारम दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट दाखिला र खोल्ने कार्य हुनेछ तर खरिद कार्य हुने छैन।
७) रीत पुर्वक दर्ता भएका गोप्य शिलबन्दी टेण्डर फाराम ८ औ दिनको २:०० बजे बोलपत्र दाता स्वयंमले वा निजको प्रतिनिधि रोहवरमा यस न.पा. मा खोलिनेछ। प्रतिनिधिको उपस्थिति नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।
८) शिलबन्दी दरभाउपत्र फारममा आफुले कबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिनेगरी लेख्नुपर्ने छ।
९) बन्द, हड्ताल लगायत गाउँलेहरुले ठेक्का चलन वा गर्न नदिएको जस्ता जुनसुकै कारणबाट ठेकेदारलाई क्षति पुग्न गएमा सम्बन्धित ठेकेदार स्वयंम जिम्मेवार हुनुपर्नेछ।त्यस बापत यस नगरपालिकाबाट कुनै किसिमको क्षतिपुर्ति तथा मिनाहा दावी गर्न पाउने छैन।
१०) हाट बजार विक्री गर्न ल्याउने व्यवसायीहरुबाट नियमानुसार तोकिएको दररेटमा कर संकलन गर्नुपर्नेछ।
११) बोलपत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन।
१२) बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस न. पा. लाई हुनेछ।
१३) यसमा उल्लेखित नभएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।
१४) यस सम्बन्धमा अन्य कुनै जानकारीका लागि न. पा. मा सम्पर्क राख्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**



**कर्जा चुक्ता गर्न आउने बारे ३५ दिने अत्यन्त जरूरी सूचना**

**(प्रकाशित मिति २०८१/०४/०९ गते)**

यस बैंकको तपशिलको ऋणी संस्थाले जनकपुर शाखाबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जना रकम तिर्न बुझाउनु पर्नेमा हालसम्म नतिरी नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित रुपमा कर्जा तिर्न बुझाउन बारम्बार तरताकेता गर्दा समेत संस्थाले तिर्न बुझाउनु पर्ने कर्जाको साँवा, व्याज, हर्जना तथा दैदस्तुर रकम समेत चुक्ता भुक्तानी नगरी आलटाल गरी बाँकी राखी कर्जा चुक्ता गर्ने तर्फ कुनै तत्परता नदेखाएको हुनाले कर्जा चुक्ता गर्न आउने बारे यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकलाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, तथा हर्जना समेत बुझाउनुहुन सम्बन्धीत ऋणी संस्था, धितो जमानतकर्ता र जमानीकर्ताहरुलाई समेत सूचित गरिन्छ। सो म्याद भित्र बक्यौता भएको सम्पूर्ण कर्जा रकम चुक्ता, भुक्तान नगरेमा ऋण लिंदा यस बैंकलाई लेखाई दिएको धितो लिलाम विक्रि गरी यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट पनि यस बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा वा कथम कथाचित धितोवाट असुल उपर हुन नसके वा असुल उपर नभएमा ऋणी संस्थाको पदाधिकारीको वा निजहरुको एकाघर संगोल परिवारको नाममा रहेको चलअचल सम्पत्ती तथा अन्य जायजेथा सम्पत्तीबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, सहकारी ऐन, नियमावली तथा प्रचलित कानून बमोजिम असुल उपर गरी लिने तथा ऋणी संस्थाका पदाधिकारीहरु तथा जमानीकर्ताहरुलाई कालो सूचिमा समावेश गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गराइन्छ।

**सहकारी संस्थाको नाम : श्री सामुदायिक महिला बचत तथा ऋण सहकारी संस्था लिमिटेड ।**
**रजिष्टर्ड ठेगानाः लबटोली -२, धनुषा ।**

**संचालक तथा जमानीकर्ताको विवरण**

**१) नाम :सिता कुमारी कार्की (अध्यक्ष जमानीकर्ता)**
बाबु : नैनसिंह कार्की
पति :तेज बहादुर कार्की
बाजे : फौजि सिंह कार्की
ना प्र नं.: १८७१-६१४०-२३४
ठेगाना : कटारी-३, उदयपुर

**२) नाम :उर्मिला देवी पासमान (उपाध्यक्ष जमानीकर्ता)**
बाबु : विजलाल पासमान
पति :सुरेश पासमान
बाजे : शिबलाल पासमान
ना.प्र.नं: ५२२४९०१२
ठेगाना : लवटोली-६, धनुषा

**३) नाम : नमिता लामा (कोषाध्यक्ष)**
बाबु :सन्त बहादुर लामा
बाजे : काजीमान लामा
ना.प्र.नं : ५२२४९१२०
ठेगाना : लवटोली-२, धनुषा

**४) नाम : दुर्गा देवी गौतम (सचिव)**
बाबु : दल बहादुर निरौला
बाजे : करेसिंग निरौला
ना.प्र.नं : ०१७०३०४६/२५६
ठेगाना : लवटोली-५, धनुषा

**५) नाम : यसोदा कुमारी दहाल (सदस्य)**
बाबु : जय प्रसाद दहाल
बाजे :
ना.प्र.नं : ३४९८/५०४३
ठेगाना : लदाभीर-४, सिन्धुली

**६) नाम : प्रमिला कुमारी (सदस्य जमानीकर्ता)**
बाबु : चन्द्र बहादुर खडका
पति : मान वहादुर क्षेत्री
ना.प्र.नं: ०१७०३०४६/१४
ठेगाना : लवटोली-२, धनुषा

**७) नाम : जसमतीया देवी सदा (सदस्य जमानीकर्ता)**
बाबु : सुरतिया सदा, बाजे : खुसिया सदा
ना.प्र.नं: १७२०४५/१२२५, ठेगाना : गोदार-४ धनुषा

**धितो लिलाम बिक्रिको शर्त तथा बन्देजहरुः**

१. श्री भवानी शंकर दहाल को नाति श्री टिका प्रसाद दहाल को छोरा सिनधुली जिल्ला सिर्थौली गा. वि.स./न.पा. वडा नं ५ बस्ने श्री नवराज दहालको नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला तल्लो गोदार वडा नं ५ क को कित्ता नं. ७१० र ७१२ को क्षेत्रफल ०-०-१०-० र ०-०-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
२. श्री नसिंह बहादुर कार्की को बुहारी श्री तेज बहादुर कार्की को श्रीमती उदयपुर जिल्ला कटारी गा. वि.स./न.पा. वडा नं ३ बस्ने श्री सिता कुमारी कार्की को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला लवटोली वडा नं २ क को कित्ता नं. ६६८ को क्षेत्रफल ०-१-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
३. श्री वीरबहादुर आले मगर को नाति श्री पदमबहादुर आले मगर को छोरा धनुषा जिल्ला भरतपुर गा. वि.स./न.पा. वडा नं ४ बस्ने श्री कृष्णबहादुर आले मगर को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला भरतपुर वडा नं ४ क को कित्ता नं. ११६८ को क्षेत्रफल ०-३-०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
४. श्री पदमबहादुर आले को बुहारी श्री कृष्णबहादुर आले को श्रीमती धनुषा जिल्ला भरतपुर गा. वि.स./न.पा. वडा नं ४ बस्ने श्री खिन माया मगर्नी को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला भरतपुर वडा नं ४ क को कित्ता नं. १०१८ को क्षेत्रफल ०-५-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
५. श्री रामगुलाम साह को बुहारी श्री शम्भु कुमार साह सुडी को श्रीमती सिरहा जिल्ला रामनगर मिर्चैया गा. वि.स./न.पा. वडा नं ३ बस्ने श्री रमिता साह को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला यज्ञभुमि वडा नं ३ क को कित्ता नं. ३४५ को क्षेत्रफल ०-०-१०-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।
६. श्री अनुप महतो कोइरी को नाति श्री सरजुग महतो कोइरी को छोरा धनुषा जिल्ला तल्लो गोदार गा. वि.स./न.पा. वडा नं ३ बस्ने श्री विपती महतो कोईरी को नाममा मालपोत कार्यालय धनुषामा दर्ता श्रेष्ता कायम रहेको धनुषा जिल्ला तल्लो गोदार वडा नं ४ क को कित्ता नं. १४१ र ५५ को क्षेत्रफल ०-१३-१-० र ०-७-२-० वडा नं ५ क को कित्ता नं. ६२ को क्षेत्रफल ०-१०-५-० जग्गा र सो जग्गाले चर्चेको लिगलगापात समेत ।

National राष्ट्रिय सहकारी बैंक लिमिटेड
Co-operative Bank Limited (NCBL)
केन्द्रीय कार्यालयः पुल्चोक, ललितपुर, फोनः ०१-५१८०१८२, Web: www.ncbl.coop

### जयमाला मृत्यु प्रकरणः

# महिनौंदेखि न्याय खोज्दै भौंतारिदै

**टुडे समाचारदाता**

राजविराज । जयमाला मृत्यु प्रकरणमा पीडितजनले न्यायका लागि महिनौंदेखि भौतारिदासमेत पाउने अवस्था नदेखेपछि पत्रकार सम्मेलन गरेका छन् ।



दुई महिना वितिसक्दा पनि आमालाई ठक्कर दिइ हत्या गर्ने मोटरसाइकल चालकबारे पत्ता लगाउन प्रहरीले सक्रियता नदेखाएको उनका छोराले आरोप लगाएका छन् ।

सप्तरीको कञ्चनरुप नगरपालिका ८ की ५६ वर्षीया जयमाला गुप्ताको पहिचान खुल्न नसकेको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको थियो। मृतक महिलाको जेठो छोरा डा.तुलाकृष्णले मंगलबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी दोषी पत्ता लगाइ कारवाहीको प्रहरीसंग माग गरेका छन।

उनका अनुसार गत जेठ ९ गते नगरको नन्दलाल चौक नजिकै वेरियर क्षेत्रमा आयोजित धार्मिक समारोहमा सहभागी भइ ४ वर्षीय नाती रियान्स सँगै घर फर्किने क्रममा राती ८:३० बजेतर्फ नम्बर खुल्न नसकेको मोटरसाईकलले ठक्कर दिएको थियो।

गम्भीर घाइते भएकी उनलाई उपचारका लागि राति नै बिराटनगर पुर्‍याइ नोबेल अस्पतालमा भर्ना गरिएको थियो। उपचारकै क्रममा जेठ १५ गते आमाको निधन भएको छोरा डा.गुप्ताले बताए । मस्तिष्कमा गहिरो चोट लागेका कारण आमाको मृत्यु भएको उपचारमा संलग्न चिकित्सकहरुले बताएको र सोको रिर्पोटहरु पनि इलाका प्रहरी कार्यालय कञ्चनपुरमा बुझाइसकेको उनले बताए । जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा एशोसिएट प्रोफेसरको जिम्मेवारीमा समेत रहेका डा.गुप्ता विगत २ महिना देखि काममा फर्कन सकेका छैनन् ।

आमाको मृत्युका कारक व्यक्तिबारे पत्ता लगाइ दिन भन्दै दिनहुँ प्रहरी प्रशासनमा दौडधुप गर्दै दुई महिना बितेको उनले बताए । उनले घटनाका सम्बन्धमा सत्यतथ्य छानबिन गर्न र दोषी पत्ता लगाउन इलाका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय र तत्कालीन गृहमन्त्री रवि लामिछानेसम्म पनि पुग्दा अनुन्धानको आश्वासन बाहेक केही पाउन नसकेको गुनासो गरे।

प्रहरीले गर्नुपर्ने काम आफूले गर्नु परिरहेको पीडा पोख्दै प्रत्यक्षदर्शीहरु खोज्ने र प्रहरीमा बयानका लागि पुर्‍याउने काममै समय बित्ने गरको, तर प्रहरीले आफ्नो स्तरबाट खासै सक्रियता नदेखाएको उनको गुनासो छ ।

मृतक महिलाका देवर विश्वनाथले घट्नाको दुई महिना वित्दा पनि प्रहरीले अपराधि पत्ता लगाउन नसकेकोमा आक्रोश पोख्दै अब धर्ना, प्रर्दशन र अनशनमा बस्ने तयारीमा लागेको बताए।

यता प्रहरीले सो दुर्घटनाबारे आफन्तले तत्कालै जानकारी नगराएको बताउँदै अनुसन्धान भने जारी रहेको जनाएको छ । घाइतेलाई अस्पताल पुर्‍याएको दुई दिन पछि मात्र अस्पतालबाट आफन्तले सो घटनाबारे जानकारी गराएको इलाका प्रहरी कार्यालय कञ्चनपुरका एक प्रहरीले बताए। यद्यपि ढिलो गरी जानकारी आए पनि प्रहरीले आफ्नो श्रोत साधन परिचालन गरी घटनाबारे अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ।

# अत्यावश्यक खर्चका लागि कानुन संशोधन गर्न छलफल

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालयमा विपद् व्यवस्थापनका लागि अत्यावश्यक खर्च जुनसुकै बेला गर्न सक्ने गरी तत्कालै कानुन संशोधन गर्नेलगायतका विषयमा छलफल भएको छ।




सो मन्त्रालय मातहतका डिभिजन प्रमुखहरूले विपद् व्यवस्थापनका लागि रहेको बजेट फ्रिज नहुने गरी जुनसुकै समयमा पनि खर्च गर्न मिल्ने खाले तत्काल उपलब्ध गराउनुपर्ने भन्दै कानुन संशोधन वा नयाँ कानुन बनाउन माग गरिएको छ।

ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालयमा मंगलबार आयोजित योजना कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रममा उपस्थित जलश्रोत, भूमिगत सिचाई र खानेपानी डिभिजन कार्यालयका प्रमुखहरूले कानुन व्यवस्थापनसंगै विपद् व्यवस्थापनका लागि तत्काल ५ करोड रुपैयाँ बजेट उपलब्ध गराउन माग गरेका थिए।

त्यसका साथै उनीहरूले बजेट कार्यान्वयन र सामाग्री उपलब्धतामा समस्या, विपत व्यवस्थापन आउनु अघि नै बोरा, घुम्ती शौचालय, खानेपानी सफा गर्ने ब्लिचिंग र पाइप लगायतका सामाग्रीको व्यवस्थापन गर्नुपर्ने लगायतका कुराहरू राखे।

उनीहरूले योजना संचालन र बजेट खर्चबारे अर्थ मन्त्रालयले गरेको मार्गदर्शनले बजेट कार्यान्वयनमा निकै समस्याले यसको संशोधनका लागि पहल गरिदिन आग्रह गरे।

त्यस्तै नयाँ योजनाभन्दा क्रमागत अधुरो योजनामा बजेट थप माँगसमेत उनीहरूले गरेको छ । उनीहरूले दर्जनौं योजनाहरू ६०/७० प्रतिशत काम भए पनि बजेट अभावले काम गर्न नसक्दा ती योजना नै अलपत्र पर्ने भन्दै तत्काल बजेट संशोधन वा रकमान्तर गरी नयाँभन्दा क्रमागत योजनामा थप बजेट विनियोजन गर्न दिन मन्त्री शेषनारायण यादवसंग आग्रह गरेका थिए।

डिभिजन प्रमुखहरूबाट आएको कुरालाई सम्बोधन गर्दै अर्थ मन्त्रालयको मार्गदर्शन बारे सहजताका लागि संशोधन गर्न अर्थमन्त्रीको समन्वयमा छौं चांडै समस्या समाधान गर्नेछौ प्रतिबद्धता ऊर्जा, सिचाई तथा खानेपानी मन्त्री यादवले जनाए।

विपद् व्यवस्थापनको कानुनी समस्या र थप बजेट बारे छलफल गरेर अघि बढने, अधुरो योजना सम्पन्न गर्न थप बजेटका लागि सकेसम्म सहयोग गर्नेछौ प्रतिबद्धता व्यक्त गरे।

उनले हालसम्मका अधुरो योजनाहरुको अवस्था र रोकिएको कारणसहित आवश्यक थप बजेट लिखित प्रतिवेदन र डिभिजन वा मातहतका कार्यालयबाट हुने विकास निर्माणको काममा सहजता र कानूनी रुपमा देखा परेका के कस्ता जटिलता के कस्ता कानुन बनाउन सकिन्छ बारे विचारसहित प्रतिवेदन एक हप्ताभित्र उपलब्ध गराउन निर्देशन दिए।

उनले करार वा ज्यालादारीमा कार्यरत कर्मचारीहरूको म्याद थप वा नयां भर्ना मन्त्रालयको इजाजत बिना नगर्नुका साथै मन्त्रालय र मातहतका निकायका कार्यालयहरूमा कर्मचारीहरूबीच अनुशासन र इमान्दारिता कायम, कुनै गुनासो नआउने गरि विकास निर्माणको योजनाकाम गर्न निर्देशन दिए।

# अख्तियारमा उजुरी परेसंगै डाक्नेश्वरीका मेयरले गरे बजेट फिर्ता




**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाक्नेश्वरी नगरपालिकाका प्रमुख रामलखन मलाहले नगरपालिकाको बजेट प्रयोग गरी आफ्नो निजी पोखरीमा घाट बनाएको भन्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेपछि रकम फिर्ता गरेका छन् ।

आर्थिक वर्ष ०७९/०८० मा वडा नं ८ परवाहा टोलस्थित भगवती मन्दिर नजिकको रमन पोखरीमा घाट निर्माणका लागि पाँच लाख बजेट खर्च गरिएकामा चार लाख ८४ हजार सात सय ३० रुपैयाँमा बलराम पार्वती निर्माण सेवा सप्तरीले घाट निर्माण गरेको थियो। घाट निर्माणका क्रममा पालिका प्रमुख मलाहले आवश्यक जग्गा नगरपालिकालाई हस्तान्तरण गर्ने मन्जुरनामा गरेका थिए । मञ्जुरनामा गरेको जग्गा नगरपालिकाका नाममा हालसम्म आएको छैन । यसैबीच निजी पोखरीमा घाट निर्माण गरेको भन्दै अख्तियारमा उजुरी परेपछि प्रमुख महालले उक्त लागत खर्च नगरपालिकाको खातामा जम्मा गरेका छन् ।

प्रमुखले आइतबार ब्याजसहित पाँच लाख ५१ हजार रुपैयाँ नगरपालिकाको खातामा जम्मा गरेको नगरपालिकाका प्रशासन शाखा प्रमुख उमेशकुमार साहले बताए।

### स्थानीय तहको लापरवाहीः

# जथाभावी खाल्डो खन्दा जोखिम

**टुडे समाचारदाता**

मलंगवा । स्थानीय तहले लापरवाहीपूर्वक जथाभावी खाल्डो खन्दा जोखिम बढ्दै गएको छ।



सर्लाहीको लखन्देही खोलामा वडाध्यक्षले खनेको खाल्डोमा डुबेर एक बालिकाको मृत्यु भएको छ । मृतक परिवारलाई उचित क्षतिपूर्ति र राहत दिने सहमतिपछि बालिकाको शव उठाइएको थियो।

खोलामा खनिएको गहिरो खाल्डोमा डुबेर कविलासी नगरपालिका-१ स्थित पिपरियाका सदिम शेखकी १३ वर्षीया छोरी सेहानी खातुनको मृत्यु भएको छ। घरबाट एक किलोमिटर पश्चिम रहेको खोलाबाट बालुवा ल्याउने क्रममा बालिकाको डुबेर मृत्यु भएको इलाका प्रहरी कार्यालय हरिपुरले जनाएको छ । उनीसँगै घरका अन्य दुई बालिका रसिदा र खुस्बु पनि डुबेकामा स्थानीयले उद्धार गरेको स्थानीय शेष सहदुल्लाहले बताए।

कविलासी नगरपालिका-५ का वडाध्यक्ष गिरीधारी रायले चार दिनअघि खोलामा खाल्डो बनाएर सिँचाइका लागि कुलो बनाइ पानी लगेका थिए । वडाध्यक्ष रायले लखन्देहीको तटबन्धसमेत भत्काएका छन्। वर्षामा बाढी आउने खतराको बेवास्ता गर्दै वडाध्यक्ष रायले तटबन्ध भत्काउँदा त्यस क्षेत्रमा जोखिमसमेत देखिएको छ। भने यता पिपरियाबाट बरहथवा जाने सडकमा पर्ने खोलाको बाटोमा मान्छे डुब्ने गरी खाल्डो खनेर पानी जमाएका छन्। जसले गर्दा चल्तीको बाटो नै अवरुद्ध भएको छ।

वर्षाको समयमा तीन महिनासम्म खोलामा स्काभेटरको प्रयोगमा रोक लगाइए पनि वडाध्यक्ष रायले त्यसको बेवास्ता गर्दा घटना भएको स्थानीयको भनाइ छ। घटनाका बेला स्काभेटर नदीमै रहेको र पछि पर लगेको स्थानीयले जनाएका छन् । कविलासी-१ का वडाध्यक्ष दीपलाल रायले आफूसँग कुनै सल्लाह नै नगरी वडा ५ का वडाध्यक्ष रायले खोलामा गहिरो खाल्डो खनेको बताए। पीडित परिवारले स्काभेटर नियन्त्रणमा लिनुपर्ने, दोषीलाई कारबाही र आवश्यक क्षतिपूर्तिको व्यवस्थाको माग गरेका छन्।

तर कविलासी-५ का वडाध्यक्ष रायले सिँचाइका लागि पानी लगेको भन्दै स्थानीय नै सचेत बन्नुपर्ने जिकिर गरे। वर्षाका बेला बालबालिका खोलामा जानु गलत रहेको उनको भनाइ छ।

# संघीय कार्यालयको राजस्व दुई खर्ब सात अर्ब

**टुडे समाचारदाता**

वीरगञ्ज । संघीय सरकारमातहत रहेका पर्साका सरकारी कार्यालयले गत आर्थिक वर्ष ०८०/०८१ मा एक अर्ब ८६ करोड ८६ लाख ९९ हजार दुई सय १७ रुपैयाँ पुँजीगत खर्च गरेका छन्।




कोष तथा लेखा नियन्त्रक कार्यालयले जनाए अनुसार पर्सामा रहेका ५१ कार्यालयले गत आवमा कुल पुँजीगत बजेटमध्ये ७३ दशमलव ५० प्रतिशत खर्च गरेका छन् । पर्सा कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख कोष नियन्त्रक यज्ञराज उप्रेतीले गत आवको असारमा मात्र संघीय सरकार मातहतका ५१ कार्यालयले रु ४२ करोड ९८ लाख ७१ हजार एक सय ७० पुँजी खर्च गरेको बताए।

उनले भने, "पर्साका सरकारी कार्यालयको समग्रमा पुँजीगत खर्च सन्तोषजनक नै देखिन्छ ।"ती कार्यालयका लागि गत आवमा चालु खर्चतर्फ रु १० अर्ब ५९ करोड ४५ लाख ५० हजार तीन सय ६१ बजेट विनियोजन गरेको थियो।

गत आवमा चालुतर्फ विनियोजित रकममध्ये ९५ दशमलव ४५ प्रतिशत अर्थात् १० अर्ब १२ करोड १६ लाख ६९ हजार चार सय ८६ रुपैयाँ खर्च भएको छ। कार्यालयका अनुसार गत आर्थिक वर्षको असारमा मात्र यहाँका सरकारी कार्यालयले चालु खर्चतर्फ एक अर्ब ३० करोड छ लाख दुई हजार सात सय आठ रुपैयाँ खर्च गरेका छन्।

एकाउन्न सरकारी कार्यालयले गत आवमा पुँजीगत र चालुतर्फ दुवै गरेर ११ अर्ब ९९ करोड तीन लाख ६८ हजार सात सय तीन रुपैयाँ खर्च गरेका छन् । आर्थिक वर्ष ०७९/०८० मा पर्साका सरकारी कार्यालयका लागि १४ अर्ब १५ करोड ३७ लाख आठ हजार तीन सय ८७ रुपैयाँ खर्च भएको थियो । जसमध्ये चालु खर्चतर्फ १० अर्ब ५८ करोड ५३ लाख ३४ हजार एक सय ६८ रुपैयाँ खर्च भयो । आर्थिक वर्ष ०७९/०८० मा सरकारी कार्यालयले पुँजीगततर्फ रु तीन अर्ब ५६ करोड ८३ लाख ७४ हजार दुई सय १९ खर्च गरेका थिए।

प्रमुख कोष नियन्त्रक उप्रेतीले जिल्ला सरकारी कार्यालयले गत आर्थिक वर्ष ०८०/०८१ मा रु दुई खर्ब सात अर्ब १२ करोड ९३ लाख ९५ हजार छ सय २५ रुपैयाँ राजस्व संकलन गर्न सफल भएको बताए । कार्यालयले आर्थिक वर्ष ०७९/०८० मा दुई खर्ब एक अर्ब ३९ करोड ८१ लाख १० हजार आठ सय ४२ रुपैयाँ राजस्व संकलन गरेका थिए । नियन्त्रक उप्रेतीले अघिल्लो आवभन्दा अर्थतन्त्रका सूचकमा सुधार आएकाले पनि राजस्व सङ्कलनमा वृद्धि भएको बताए।

# राजस्व असुलीमा वृद्धि भएसंगै सवारी दुर्घटनामा कमी

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषामा विगतका तुलनामा आर्थिक वर्ष २०८०/८१ मा सवारीसाधन दुर्घटनामा कमी आएको छ। राजस्व असुलीमा केन्द्रित भएका ट्राफिक प्रहरीले सवारीसाधन दुर्घटनाबाट हुने मानवीय क्षति कमी आएको दाबी गरेको छ



ट्राफिक प्रहरी कार्यालय धनुषाले जनाए अनुसार आर्थिक वर्ष २०७८/७९ मा ९७४ सवारी दुर्घटना हुँदा १०५ जनाको मृत्यु भएको थियो। दुर्घटनामा परी ५४० जना गम्भीर घाइते भएका थिए। आर्थिक वर्ष २०७९/८० मा एक हजार १६ सवारी दुर्घटनामा परेर ८४ जनाको मृत्यु भएको थियो। दुर्घटनामा परी ४५६ गम्भीर घाइते भएका थिए। यस्तै आर्थिक वर्ष २०८०/८१ मा एक हजार ९१ सवारीसाधन दुर्घटना हुँदा ७४ जनाको मृत्यु भएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक हरिबहादुर वलीले ट्राफिक सचेतना कार्यक्रम र प्रहरी कारबाहीको प्रभावकारिताका कारण सवारी दुर्घटना तथा मानवीय क्षति कम भएको दाबी गरे। सवारी नियम उल्लंघन गर्नेलाई कारबाही गर्दा राजस्व सङ्कलनमा समेत वृद्धि भएको छ। आव २०८०/८१ मा २९ हजार ६५ सवारीलाई कारबाही गर्दा दुई करोड ३४ लाख ५१ हजार ५०१ रुपैयाँ राजस्व संकलन जनाएको छ।

आर्थिक वर्ष ०७९/०८० मा ३८ हजार ४४९ वटा सवारीसाधनलाई कारबाही गर्दा दुई करोड ६० लाख एक हजार रुपैयाँ संकलन भएको थियो। यसै गरी आव २०७८/७९ मा २४ हजार ७८८ वटा सवारीसाधनलाई कारबाही गर्दा एक करोड ९७ लाख ५६ हजार रुपैयाँ राजस्व सङ्कल भएको थियो।


उनले सवारीसाधनलाई कारबाही गरी बढी राजस्व संकलन गर्नेभन्दा पनि सवारी दुर्घटनामा कमी, मानवीय क्षति र सावरीसाधनको क्षति कमी गराउने मुख्य उद्देश्य रहेको बताए। सवारी दुर्घटना न्यूनीकरण गर्न पैदलयात्रु, चालक, विद्यार्थीलगायत सर्वसाधारणमाझ जनचेतना कार्यक्रम गरिँदै आएको बताए । उनले आर्थिक वर्ष २०८०/८१ मा मात्र दुई हजार ३३८ वटा सचेतनामूलक कार्यक्रम गरिएको बताए।

# सार्वजनिक स्थानमा डीजे बजाउनेलाई कारबाही गरिने

**टुडे समाचारदाता**

रौतहट। रौतहटमा स्थानीय प्रहरीले सार्वजनिक स्थानमा डीजे बजाउनेलाई कारबाही गर्ने चेतावनी दिएको छ। जिल्ला प्रहरी कार्यालय रौतहटले सार्वजनिक बाटो, सडक, विद्यालय, सरकारी कार्यालय लगायतका स्थानमा डीजे साउण्ड सिस्टम नबजाउन आग्रह गरेको छ। विद्यार्थीहरूको पठनपाठनमा, सरकारी कार्यालयहरूको कामकाजमा असर परेको र ध्वनि प्रदूषणले जनस्वास्थ्यमा प्रतिकूल असर पारेकोले डीजे साउण्ड सिष्टमका नबजाउन प्रहरीले आग्रह गरेको छ।

रौतहट प्रहरीका प्रहरी नायब उपरीक्षक एलिजा गिरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'समाजमा मानसिक तथा



शारीरिक समस्या उत्पन्न भएको, झैंझगडाका घटनाहरू बढेको, विद्यार्थीहरूको पठनपाठनमा, सरकारी कार्यालयहरूको कामकाजमा असर परेको र ध्वनि प्रदूषणले जनस्वास्थ्यमा प्रतिकुल असर पारेको भनी पटक पटक व्यापक जनगुनासोहरू प्राप्त भएको हुँदा चर्को स्वरमा डीजे साउण्ड सिस्टम नबजाउन हुन अनुरोध छ।'

यसका साथै समाजमा प्रतिकूल असर पार्ने खालका डीजे साउण्ड बजाएमा कारबाही गर्ने चेतावनी समेत दिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# पूर्वमन्त्री रायको दाहसंस्कार सम्पन्न

**टुडे समाचारदाता**

मलंगवा। पूर्वभूमिसुधार राज्य मन्त्री रामचन्द्र रायको मंगलबार अन्तिम दाहसंस्कार गरिएको छ।

पूर्वमन्त्री रायको सम्मानमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १० गण सर्लाहीको एक टुकडीले सलामी अर्पण समेत गरेको छ । मलंगवा



नगरपालिका-४ स्थित निवासबाट निकालिएको स्व. रायको शव स्थानीय साकेत बिहार राम मन्दिर परिसरमा लगेर दाहसंस्कार गरिएको छ।

सो दाहसंस्कारमा पूर्वमन्त्री महिन्द्र राय, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, वरिष्ठ उपाध्यक्ष बुद्धिमान तामाङ, मधेश प्रदेश अध्यक्ष भरत गिरी, मधेश प्रदेश सरकारका श्रम तथा यातायात मन्त्री कौशलकिशोर राय, नेपाली कांग्रेसका पूर्व जिल्ला सभापति लक्ष्मण राय, पूर्व उपसभापति विनोद खनालसहित नेता कार्यकर्तालगायत विभिन्न राजनैतिक दलका नेता कार्यकर्ताहरुको समेत उपस्थिति रहेको थियो।

आइतबार राति सर्लाहीकै चन्द्रनगर गाउँपालिका-१ रतनपुर स्थित घरमा ८० वर्षीय पूर्वमन्त्री रायको हत्या भएको हो। मलंगवा नगरपालिकाका मेयर नागेन्द्र प्रसाद रायका सहोदर दाई रामचन्द्र धानखेती गराउनका लागि केही समयदेखि चन्द्रनगर बस्दै आएका थिए।

पूर्वमन्त्री रायका आफन्त समेत रहेका भान्सेको काम गर्ने रामउजैन रायले राति १२ बजे स्थानीय तथा प्रहरीलाई घटनाबारे खबर गरेका थिए। जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक रविन्द्र बहादुर सिंहका अनुसार कुराकानी गर्न भन्दै राति ९ बजेतर्फ अपरिचित तीन जना युवक आएपछि पूर्वमन्त्री रायले आफूलाई माथि गएर सुत्न भनेको र राति १ बजेतिर उठेर हेर्दा राय मृत्त देखेको बताएका थिए।

प्रहरीका अनुसार यादवको टाउकाको बायाँपट्टी भागमा धारिलो हतियार प्रहार गरीएको छ। उखु काट्न प्रयोग हुने दबियाले टाउकामा प्रहार भएको प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८